का.जि.प्र.का.द.नं. १७०/०५९/६०

❒ वर्ष १८, अंक २८
❒ १५ फागुन २०७६, बिहीबार
❒ 27 February 2020, Thursday
www.madhyanhadaily.com


पृष्ठ १२ मूल्य रु. ५/-

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

# अप्ठ्यारोमा ओली

❒ वामदेव गौतमलाई राष्ट्रियसभामा मनोनित गरिने ❒ नेता माधवकुमार नेपालसँग प्रधानमन्त्रीको भेटवार्ता

**प्रधानमन्त्री केपी शर्मा ओलीको चाहनाविपरीत नेकपा सचिवालय बैठकले पार्टी उपाध्यक्ष वामदेव गौतमलाई राष्ट्रियसभा सदस्यमा मनोनित गर्ने निर्णय गरेको छ । सचिवालय बैठकको निर्णयपछि प्रधानमन्त्री ओलीले आइपर्ने समस्या सामना गर्न तयार रहेको प्रतिक्रिया दिएका छन् ।**



## दबावमा प्रधानमन्त्री

- विश्वासपात्र गोकुल बाँस्कोटाको बहिगर्मन
- महासचिव पौडेलका छोरा जोगाएको आरोप
- एमसीसी संशोधन गर्ने पार्टी निर्णय
- विभिन्न विधेयकका कारण जनअसन्तुष्टि
- सभामुखमा सुवास नेम्वाङ, नभएर अग्नि सापकोटा
- अध्यक्ष दाहाललाई कार्यकारी अध्यक्ष

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ फागुन

सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठकले पार्टी उपाध्यक्ष वामदेव गौतमलाई राष्ट्रियसभाको सदस्य मनोनित गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार बसेको सचिवालय बैठकले उपाध्यक्ष वामदेव गौतमलाई राष्ट्रियसभा सदस्य मनोनित गर्ने निर्णय गरेको हो । बैठक पछि प्रचार विभाग प्रमुख नारायणकाजी श्रेष्ठले सचिवालय बैठकको सर्वसहमतिबाट गौतमलाई राष्ट्रियसभामा लैजाने निर्णय गरेको हो ।

संविधान संशोधनका लागि गृहकार्य गर्न शनिबारको सचिवालय बैठकले गरेको निर्णय भने उल्ट्याएको छ । बरिष्ठ नेता माधवकुमार नेपालको संयोजकत्वमा सुवास नेम्वाङ र खिमलाल देवकोटा सदस्य रहेको कार्यदल गठन गर्ने प्रस्ताव अगाडि नबढाउने निर्णय गरेको प्रचार विभाग प्रमुख श्रेष्ठले बताए । उनका अनुसार, बैठकले कार्यदलबारे गरिएको प्रस्ताव अगाडि नबढाउने निर्णय भएको हो ।

संघीय संसदको माथिल्लो सदनबाट समेत प्रधानमन्त्री बन्न सक्नेगरी संविधान संशोधन हुनुपर्ने उपाध्यक्ष गौतमको मागअनुसार, कार्यदल बनेको थियो । तर, गौतमलाई अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र बरिष्ठ नेता माधवकुमार नेपालले यो अडान तत्काललाई छोड्न आग्रह गरेका थिए । प्रचण्ड र नेपालको आग्रह स्वीकार गर्दै गौतम राष्ट्रियसभामा जान सहमत भएका थिए । तर, गौतमलाई मनोनित गर्ने सचिवालय बैठकको निर्णय सार्वजनिक भएको केही घण्टाभित्रै प्रधानमन्त्री ओलीले फरक अडान लिएका छन् । उनले सचिवालय बैठकको बाँकी पृष्ठ २ मा



## वामदेवको जोडबल

- २०७४ मा बर्दिया-१ बाट पराजित
- डोल्पाबाट धनबहादुर बुढालाई राजीनाको प्रयास
- रामबीर मानन्धरको राजीनामा, तर फेरि फिर्ता
- कास्कीको उपनिर्वाचन लड्ने प्रयास
- संगठन विभाग प्रमुखको जिम्मेवारी
- पार्टी उपाध्यक्ष मनोनित
- माथिल्लो सदनबाट प्रधानमन्त्री बन्नुपर्ने माग
- संविधान संशोधन गृहकार्य गर्न कार्यदलको प्रस्ताव
- राष्ट्रियसभामा मनोनित गर्ने नेकपा निर्णय

## प्रधानमन्त्रीकै सम्पत्ति छानविनको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ फागुन

पूर्वप्रधानमन्त्री एवं समाजवादी पार्टी नेपालका अध्यक्ष डा.बाबुराम भट्टराई प्रधानमन्त्री एवं सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष केपी शर्मा ओलीको सम्पति छानविन गर्न माग गरेका छन् । बुधबारको प्रतिनिधिसभा बैठकमा भट्टराईले प्रधानमन्त्री ओलीको सम्पति अविश्वासिलो तरिकाले बढेको भन्दै छानविनको माग गरेका हुन् ।



भट्टराईले प्रधानमन्त्री ओलीको जिल्लामा रहेको बुकुरो घरबाट काठमाडौंमा महल बनाइएको विषयमा प्रश्न गर्दै भने, 'प्रधानमन्त्रीज्यूको तेह्रथुमको बुकुरो घरबाट काठमाडौंमा महल कसरी भयो ? छानविन गरौं ।' उनले थपे, 'अर्काले दिएको चप्पल लगाउने हामी नेताहरु कसरी चिल्लो कारमा हिँडेका छौं ? हामी सबैको सम्पति छानविन हुनुपर्छ ।' भट्टराईले जनलोकपाल विधयेक ल्याउन पनि माग गरेका छन् । संविधान संशोधनको चर्चा गर्दै भट्टराईले भने, 'कार्यकारी बाँकी पृष्ठ २ मा

### रमेश खरेल

## पार्टी होइन, अभियान

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ फागुन

नेपाल प्रहरीको डीआईजीबाट राजीनामा दिएका रमेश खरेलले सुशासनका लागि अभियान चलाउन लागेको बताएका छन् । आफूले पार्टी खोल्न लागेको नभई अभियानमात्र चलाउन लागेको उनले स्पष्ट पारेका छन् । राजनीतिक पार्टी खोल्न लाग्नुभएको हो ? भन्ने जिज्ञासामा उनले भने, 'हाम्रो नेपाल हामी नेपाली अभियान सुरु गर्न लागेका हौं । देशमा सुशासनका लागि अभियान चलाउने योजना हो । यसको औपचारिक घोषणा विहीबार गर्छौं ।'

तपाईंको अभियान पार्टीमा परिणत हुन्छ कि ? भन्ने प्रश्नमा खरेलले भने, 'हामीले राजनीतिक दल खोल्न लागेका होइनौं । यो एउटा अभियान हो, लुज फोरम जस्तो हो । यस अभियानमा सबै जोडिन सक्नुहुन्छ ।' खरेलले प्रहरीमा विभेद भएको भन्दै केही वर्षअघि डीआईजीबाट राजीनामा दिएका थिए । सामाजिक कार्यमा सक्रिय हुन भन्दै उनले अभियान चलाउन लागेका हुन् ।

## यती सञ्चालकका छोरा पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ फागुन

यती समूहका एक जना मालिक लागु औषधसहित पक्राउ परेका छन् । यती समूहका अध्यक्ष स्व.आङछिरिङ शेर्पाका छोरा नवाङ पासाङ शेर्पा लागु औषधसहित पक्राउ परेपछि उनीमाथि जिल्ला अदालतमा मुद्दा परेको छ । यती समूह र प्रधानमन्त्री केपी शर्मा ओलीसँग निकट सम्बन्ध रहेको प्रहरीले यस विषयलाई लुकाएर राखेको थियो । पक्राउ परेका उनलाई बुधबार काठमाडौं जिल्ला अदालतका न्यायाधीश विदुर कोइरालाको इजलासमा वयान भएको छ । काठमाडौं जिल्ला अदालतका श्रेष्तेदार आनन्दराज श्रेष्ठले भने 'पक्राउ परेका चारजना मध्ये तीन जनाको वयान भएको छ । विहीबार थुनछेक वहस हुनेछ ।' प्रहरीले उनीहरुलाई माघ १८ गते लागु औषध खैरो हिरोइनसहित पक्राउ गरेको थियो । यसअघि उनी नक्कली पाइलट लाइसेन्स लिएको विषयमा समेत मुछिएका थिए । नवाङ समूहका मालिकहरु मध्येका एक हुन् ।

यसैबीच, एक किशोरीलाई बन्धक बनाई बलात्कार गरेको अभियोगमा संघीय सरकारका एक जना मन्त्रीको सल्लाहकार पक्राउ परेका छन् । शहरी विकास राज्यमन्त्री रामवीर मानन्धरका आर्थिक मामिला सल्लाहकार अमृतकुमार घले बलात्कार अभियोगमा पक्राउ परेका हुन् । प्रहरीका अनुसार ५२ वर्षीय घले १७ वर्षीया किशोरीलाई लिफ्ट दिने नाममा ४ दिन बन्धक बनाएका थिए । घलेले किशोरीलाई माघ २७ देखि फागुन १ गतेसम्म टोखास्थित एक घरको फ्ल्याटमा बन्धक बनाएर बलात्कार गरेको प्रहरीले जनाएको छ । उनलाई अपहरण, शरीर बन्धक तथा जबर जस्ती करणी अन्तर्गत जिल्ला अदालत काठमाडौंबाट म्याद थप गरी अनुसन्धान अघि बढाएको काठमाडौं प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए । प्रहरीका अनुसार सिन्धुलीकी ती किशोरी घरबाट काठमाडौं आउने क्रममा काभ्रेको बनेपामा बस पर्खिरहेकी थिइन् । काठमाडौंबाट बनेपा पुगेका घलेले सडक किनारमा बस कुरिरहेकी किशोरीलाई बाँकी पृष्ठ २ मा

## सम्झौता कार्यान्वयनमा मन्त्रीको पहल

### श्रममन्त्री विदेश जाँदा पहिलोपटक व्यवसायीद्वारा बिदाइ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ फागुन

वैदेशिक रोजगारीका लागि विभिन्न देशसँग पछिल्ला १ वर्षमा भएका सम्झौता कार्यान्वयनका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अग्रसरता देखाएपछि वैदेशिक रोजगार व्यवसायीहरू उत्साहित भएका छन् ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादव, सचिव विनोद केसीलगायतको टोली मंगलबार मात्रै मौरिसस प्रस्थान गरेका छन् । गत वर्ष स्विट्जरल्याण्डको राजधानी जेनेभामा अन्तर्राष्ट्रिय श्रम संगठनको शत्वार्षिकी समारोहका क्रममा भएको समझदारीपत्र कार्यान्वयनमा आउन नसकिरहेका बेला मन्त्री नेतृत्वको टोली त्यसतर्फ प्रस्थान गरेको हो ।

मौरिसस उखु, पर्यटन, टेक्सटाइल र पर्यटनलगायत क्षेत्रमा तीव्र विकास हासिल गरिरहेको हिन्दू बाहुल्य मुलुक हो । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित श्रेष्ठ विकासमा अघि रहेको र कामदार



अभाव झेलिरहेको मौरिसस नेपाली कामदारका लागि आकर्षक गन्तव्य हुनसक्ने बताउँछन् ।

तत्कालीन मन्त्री गोकर्ण विष्टको कार्यकालमा व्यवसायी र मन्त्रालयबीचको सम्बन्ध पानी बाराबारकै अवस्थामा थियो । संवादहीनता बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## हङकङको रोजगारी खुलाउन माग

**काठमाडौं/मस-** गैरआवासिय नेपाली संघ (एनआरएनए) हङकङले त्यहाँको रोजगारीमा नेपालीमाथि लगाइएको प्रतिवन्ध फुकुवाका लागि पहल गर्न नेपाल सरकारसमक्ष माग गरेको छ ।

एनआरएनए हङकङकी अध्यक्ष राधिका गुरुङ (टीका) ले बुधबार वैदेशिक रोजगार पत्रकार समाजसँगको अन्तरक्रियामा बोल्दै यस्तो आग्रह गरेकी हुन् ।

'अन्य देशका नागरिकले हङकङमा सहज रूपमा रोजगारी पाइरहेका बेला नेपाली कामदारमाथि प्रतिबन्ध यथावत् रहनु दुखद् कुरा हो,' गुरुङले अगाडि थपिन्, 'यसमा नेपाल सरकार र सम्बन्धित मन्त्रालयले पहल गरेर खुलाउन जरूरी छ ।'

नेपालसँग मिल्दोजुल्दो हावापानी, आकर्षक पारिश्रमिक र समानता भए पनि हङकंङले नेपालीका लागि वर्कपर्मिट बन्द गर्दै बाँकी पृष्ठ २ मा

## संसदीय टोली खाडी जाने

**काठमाडौं/मस-**कामदारको अवस्थाबारे अध्ययन गर्न सांसद्, मानव अधिकार आयोगलगायतको एक टोली कुवेतलगायतका ४ खाडी मुलुक जाने भएको छ । प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको नेतृत्वमा एक टोली त्यसतर्फ जान लागेको हो ।

टोलीमा प्रतिनिधिसभाका सांसद्का अतिरिक्त राष्ट्रिय मानव अधिकार आयोग, परराष्ट्र, श्रम रोजगार तथा सामाजिक सुरक्षा, गृह बाँकी पृष्ठ २ मा



# कोशी अस्पताललाई शिक्षण अस्पतालमा रुपान्तरण गरिने

**विराटनगर/रासस-** विराटनगरस्थित कोशी अस्पताललाई मुलुककै नमूना र शिक्षण अस्पतालका रुपमा विकास गरिने भएको छ। मुलुककै पुरानो सरकारी अस्पतालमध्येको एक यो अस्पताल विसं १९४७ मा मोरङको रङ्गेलीमा स्थापना भई २०१३ सालमा विराटनगरमा स्थानान्तरण भई त्रिभुवन स्मारकबाट सञ्चालनमा आएको हो। तत्कालीन ५० शय्याको यो अस्पतालमा हाल ३५० शय्या छन् । पाँच बिघा आठ कट्ठा नौ धुर क्षेत्रफलमा फैलिएको यो अस्पतालमा हाल आन्तरिक स्रोतबाट समेत गरी २६७ चिकित्सक र कर्मचारी कार्यरत रहेको अस्पतालका सुपरीवेक्षक डा सङ्गीता मिश्रले जानकारी दिइन् ।




साना ठूला गरी दुई दर्जनभन्दा बढी भवन रहेको सो अस्पतालका १३ कट्ठा तीन धुर जग्गा अरु संस्थाले अतिक्रमण गरेको पाइएको छ। जसमा नेपाल क्षयरोग निवारण संस्थाले आठ कट्ठा १० धुर, गणेश मन्दिरले एक कट्ठा १० धुर, नेपाल रेडक्रस सोसाइटीले एक कट्ठा १३ धुर र देवकोट पुस्तकालयले दुई कट्ठा जग्गामा आफ्ना संरचना निर्माण गरेको अस्पतालले जनाएको छ। यतिधेरै पुरानो अस्पताल अहिले आफै विरामी छ भन्दा अतियुक्त नहोला । किनकि यति धेरै पुरानो अस्पताल भए पनि यसले विशिष्ट प्रकारको स्वास्थ्य सेवा प्रदान गर्न सकेको छैन ।

अत्यधिक भीड हुने सो अस्पतालमा अहिले अवस्थामा सर्वसुलभ, गुणस्तर सेवा, स्वच्छ वातावरणमा सञ्चालन गर्न पुरानो संरचना बाधकका रुपमा छ भने नयाँ संरचना बनाउन रु पाँच अर्बभन्दा बढी खर्च लाग्न सक्ने प्रारम्भिक अनुमान गरिएको छ। अस्पतालमा वर्षात्को समयमा परिसरमा पानी जम्ने, फोहर थुप्रिने, सडकबाट झण्डै दुई फिट गहिरो देखिने, झट्ट हेर्दा सुकुम्वासीले घेरेकोजस्तो देखिने यो अस्पताललाई अत्याधुनिक शिक्षण अस्पतालमा परिणत गर्न पुराना संरचना भत्काएर नयाँ संरचना बहुतले बनाउनुपर्ने सुझाव सरोकारवालाले दिएका छन् ।

अहिले अस्पतालमा आइसियु, सर्जिकल र न्यूरो तथा नेफरोलोजी सेवा प्रदान गर्न नयाँ भवन निर्माण गर्न सङ्घीय सरकारबाट सङ्घीय आयोजना कार्यान्वयन एकाइ(भवन) कार्यालयको नाममा रु ४० करोड बजेट विनियोजन भई आएकाले अस्पतालले सरोकारवालसँग धारणा लिन आज अस्पतालको सभाकक्षमा आयोजित छलफलमा सो धारणा आएको हो । छलफलमा प्रदेश ल्याब भवन अस्पतालको हाताभित्र बनाउने र अस्पतालको जेनेरेटर हाउस भएर जाने सार्वजनिक बाटोको व्यवस्थापन गनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।

दरबन्दी छ, डाक्टर छैनन्

कोशी अस्पतालमा दरबन्दी अनुसारका एक तिहाई चिकित्सक नहुँदा सेवाग्राहीहरू गुणस्तरीय स्वास्थ्य सेवा लिनबाट बञ्चित हुँदै आएका छन् । अस्पतालमा लामो समयदेखि सरकारी दरबन्दी अनुसार ११ औं तहका आँखा रोग विशेषज्ञ, बालरोग विशेषज्ञ, नेपोलोजिष्ट, कार्डियोलोजिष्ट, प्याथोलोजिष्ट, नर्सिङ प्रशासनसहित ल्याबटेक्निसियनलगायत दरबन्दी अनुसारको चिकित्सकको अभाव रहेको बताइएको छ ।

**शिक्षण अस्पताल बनाउने तयारी**

प्रदेश नं १ अन्तर्गतका १४ जिल्लासहित प्रदेश २ का सप्तरी, सिरहा, धनुषा जिल्लाबासी पनि उपचार सेवाका लागि भर पर्दै आएको यो अस्पताल पूर्वाधार र विशेषज्ञ डाक्टरको अभावसँगै आर्थिक अभावसँग पनि जुधिरहेको छ । आर्थिक अभावका कारण भएका कर्मचारीलाई समयमा तलब खुवाउन पनि अस्पताल प्रशासनलाई हम्मेहम्मे पर्ने गरेको छ । तर पनि प्रदेश सरकारले भने कोशी अस्पताललाई प्रदेश सरकारको शिक्षण अस्पतालका रुपमा विकास गर्ने तयारी गरेको छ ।

प्रदेश नं १ को सामाजिक विकासमन्त्री जीवन घिमिरेले यो अस्पताललाई मुलुककै नमूना र शिक्षण अस्पतालको रुपमा विकास गर्ने उद्देश्यका साथ सरकार अघि बढेको बताए । शिक्षण अस्पताल बनाउनका लागि तत्काल एमडीको कक्षा सञ्चालन गर्नुपर्ने जोड दिदैं उनले अस्पतालभित्रका तीन वटा भवन बाँकी राखेर अन्य सबै भवन भत्काउनु पर्ने बताए। मन्त्री घिमिरेले हाल प्राप्त भएको रु ४० करोडको योजनालाई दीर्घकालीन योजनामा समावेश गरेर अघि बढ्नुपर्नेमा जोड दिए ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य महेश रेग्मीले अस्पतालको नाममा रहेको जग्गा स्वामित्वमा ल्याउन नसके अस्पतालले इतिहास कायम गर्न नसक्ने बताउँदै अस्पतालको स्तरोन्नति गर्न र जनताको भावनाअनुसार चल्न दीर्घकालीन योजनाको विकल्प नरहेको प्रष्ट पारे ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य अमृत अर्यालले अस्पताललाई राम्रो र भरपर्दो बनाउन अस्पतालले तयार पार्ने योजना एवं सोचमा आफ्नो समर्थन रहेको बताए । प्रदेशसभा सदस्य जयराम यादवले व्यावसायिक प्रयोजनमा रहेका संरचना भत्काएर अस्पतालको जग्गा अस्पतालकै भोगमा ल्याउनुपर्ने सुझाव दिए ।

जिल्ला समन्वय समिति मोरङका संयोजक नरेश पोखरेलले अस्पतालको साखलाई उच्च बनाउन अतिक्रमित जग्गा फिर्ता गराउनुपर्ने भन्दै अस्पतालले दीर्घकालीन योजना बनाएर प्रदेशकै नमूना अस्पताल बनाउनुपर्नेमा जोड दिए। विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले अस्पताललाई नमूना अस्पताल बनाउन नगरपालिकाबाट हुन सक्ने सबै किसिमको सहयोग दिने प्रतिवद्धता व्यक्त गरे ।

नेकपा मोरङका अध्यक्ष ऋषि पोखरेल र नेता गुरु बरालले अस्पताललाई अत्याधुनिक बनाउनुपर्ने बताउँदै सर्वसुलभ तथा गुणस्तरीय सेवा प्रदान गर्न व्यवस्थापनमा निकै सुधार गर्नुपर्ने खाँचो औंल्याए ।

अस्पतालका पूर्वमेसु डा ज्ञानेन्द्र गिरी, पूर्वचिकित्सक डा मदन कोइराला, विराटनगर महानगरपालिकाका उपप्रमुख इन्दिरा कार्की, उपभोक्ता मञ्चका उत्तम ढुङ्गेल, मोरङ व्यापार सङ्घका महासचिव अनिल साहले यो अस्पताल गरिबको लागि मात्र नभएर धनीले पनि राम्रो सेवा पाउँछन् भनेर खोजेर आउनुपर्ने वातावरण सिर्जना गर्न आग्रह गरे । प्रमुख जिल्ला अधिकारी मदन भुजेलले अस्पतालको स्वामित्वमा रहेको जग्गालाई अतिक्रमणबाट जोगाउन प्रशासनबाट हुने सबै सहयोग गर्न तयार रहेको बताए ।

# उत्कृष्ट मानवीय सेवा दिन प्रहरी महानिरीक्षकको आग्रह

**काठमाडौं/मस-** प्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवालीले नेपाल प्रहरी अस्पताल महाराजगञ्जमा कार्यरत स्वास्थ्यकर्मीलाई सेवा चुस्त पार्न निर्देशन दिएका छन् । उनले सर्वसाधारणको स्वास्थ्य सेवा चुस्त बनाई सभ्यता प्रदर्शन गर्न सबै कर्मचारीलाई आग्रह गरे । अस्पतालको डेन्टल विभाग, अर्थो वार्ड, सर्जिकल वार्ड, स्त्री तथा प्रसूति वार्ड, ओपिडी, फिजियो थेरापी रिहाविलिटेशन युनिट, रेडियो डाइग्नोसिसको उनले निरीक्षण गरे।




यस्तै उनले मेडिकल वार्ड, ल्याब, इमरजेन्सी विभागलगायतको निरीक्षण गर्दै उपचाररत बिरामीको स्वास्थ्य अवस्था तथा अस्पतालबाट हुने विविध गतिविधिका बारेमा जानकारीसमेत लिए ।

निरीक्षणपछि आयोजित कार्यक्रममा अस्पतालमा कार्यरत प्रहरी अधिकृत तथा जवानलाई निर्देशन दिँदै प्रहरी महानिरीक्षक ज्ञवालीले उपचारका लागि आउने बिरामीका अपेक्षा पूर्ति गर्दै उत्कृष्ट मानवीय सेवा प्रदान गर्न केन्द्रित हुनुपर्ने बताए । नेपाल प्रहरी अस्पताललाई आजको स्थितिसम्म ल्याउनको लागि अग्रजहरुको मेहनत, परिश्रम र लगनशीलता प्रशंसनीय रहेको चर्चा गर्दै अस्पतालको गुणस्तरमा थप वृद्धि गरी उत्कृष्ट सेवा प्रवाह गर्न दत्तचित्त भएर लाग्न उनले अनुरोध गरे ।

अस्पतालको सरसफाई तथा अस्पतालबाट प्रवाह हुने सेवाप्रति सजग भई क्षमताको प्रदर्शन गर्दै विशिष्ट योगदान गर्न उनले आग्रह गरे । प्रहरी महानिरीक्षक ज्ञवालीले अस्पतालमा उपचारका लागि आउने सेवाग्राहीप्रतिको बोली, वचन तथा व्यवहारमा संवेदनशील हुनुपर्ने बताए । कार्यक्रममा सो अस्पतालका मेडिकल डाइरेक्टर प्रहरी अतिरिक्त महानिरीक्षक डा आशा सिंहले अस्पतालको गतिविधि, उपलब्ध सेवा, चुनौती, योजना, पूर्वाधार विकासलगायतका विषयमा प्रस्तुतीकरण गरेकी थिइन् ।

## प्रधानमन्त्रीकै ...

निर्वाचित राष्ट्रपति, समानुपातिक संसद र जनलोकपाल विलका विषयमा संविधान संशोधन होस् । जस्केलाबाट कसैलाई प्रधानमन्त्री बनाउन होइन ।'

यसैबीच, भट्टराईले माताातीर्थ, सतुंगल, इचंगुलगायतका जग्गा ललिता निवासको जग्गा प्रकरणभन्दा भिन्न भएको दाबी गरेका छन् । भट्टराईले भने, 'फागुन ३ गते ममाथि कृपा गरेर प्रधानमन्त्रीले मेरो चर्चा गरिदिनुभयो संसदमा । मातातीर्थ, सतुंगल, इचंगुको जग्गाबारे उहाँले प्रश्न उठाउनुभएको छ। त्यसबारे प्रस्ट पार्न चाहन्छु ।' ललिता निवास र मातातीर्थलगायतका जग्गालाई उनले गुड र गोबरसँग तुलना गरेजस्तै भएको टिप्पणी गरे ।

नेपाल ट्रस्टका अनुसार ट्रस्टको १७३ रोपनी जग्गा व्यक्तिका नाममा ल्याउने निर्णयमा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई संलग्न देखिएको ट्रस्टको श्वेतपत्रमा उल्लेख छ। थानकोट, मातातीर्थ, सतुंगल र बालाजुको १७३ रोपनी भट्टराईका प्रधानमन्त्री हुँदा मोहीका नाममा नामसारी गरिएको हो । २०६९ कात्तिक २ मा बसेको मन्त्रिपरिषद् विधेयक समितिको निर्णयअनुसार ट्रस्टको स्वामित्वको १७२ रोपनी १५ आना मोहीका नाममा नामसारी गरिएको ट्रस्टको श्वेतपत्रमा उल्लेख छ । भट्टराईले जग्गा खोसिने भयो भनेर मातातीर्थ, सतुंगल, इचंगु क्षेत्रका जनताको निद्रा बिथोलिएको बताए। भट्टराईका अनुसार नेपाल ट्रस्टको जग्गा व्यक्ति विशेषलाई फिर्ता दिएको होइन । उनले भने, 'जग्गा महेन्द्रको पालाको फर्मायसी बिर्ता हो, जुन मोहीले कमाएर खाइरहेका थिए । राजा महेन्द्रले २०२६ सालमा आफ्नो हक परित्याग गरी रैकर गरिदिनू भनेर हुकुम जारी गरेका थिए। हुकुमअनुसार जग्गा रैकर भयो । तर, सबैले दर्ता गर्न पाएनन् र लामो समयसम्म यत्तिकै रह्यो ।'

०४६ सालपछि राजाको स्वकीय सचिवालयका मान्छेले कतिपय जग्गा फेरि राजा वीरेन्द्रको नाममा फिर्ता ल्याएको दाबी भट्टराईको छ । ०६४ सालमा नेपाल ट्रस्ट ऐन आएपछि जग्गा स्वतः ट्रस्टमा गयो । उनले भने, 'त्यतिबेलासम्म जग्गा रैकर भइसकेको थियो। ट्रस्टमा मोहीले उजुरी गरे। एउटा कमिटी बन्यो र प्रतिवेदन तयार भयो। प्रतिवेदनले मोहीको जग्गा दर्ता गरिदिन सिफारिस गऱ्यो ।' सोहीअनुसार प्रक्रिया पुऱ्याएर मन्त्रिपरिषद्बाट मोहीको जग्गा फिर्ता भएको डा. भट्टराईले दाबी पारे । उनले यस प्रकरणमा राजनीतिक, कानुनी, नैतिक कुनै पनि प्रकारको त्रुटि नभएको बताए । गरिमामय संसदमा उभिएर प्रधानमन्त्रीले प्रश्न उठाएको भन्दै उनले चिन्ता व्यक्त गरे ।

**देउवाको आपत्ति**

काँग्रेस सभापति शेरबहादुर देउवाले नेपाल ट्रष्टको सम्पत्ति सम्बन्धी सार्वजनिक भएको श्वेतपत्र प्रति आपत्ति जनाएका छन् । सार्वजनिक गरिएको विवरणले आफ्नोबारे अनावश्यक भ्रमण छरिएको देउवाले जनाएका छन् । बुधबार विज्ञप्ति जारी गर्दै देउवाले भनेका छन्, 'म प्रधानमन्त्री रहेको मन्त्रिपरिषद् वा मेरो संलग्नतामा अन्य कुनै पनि निकायबाट नेपाल ट्रष्टको जग्गा लिज सम्बन्धमा कुनै निर्णय भएको छैन। मेरो सहभागिता वेगर भएको कुनै पनि निर्णयमा मेरो नाम जोडेर गरिने या गरिएका प्रचारप्रति मेरो गम्भीर आपत्ति छ ।' नेपाल ट्रस्टको जग्गा यति समूहलाई दिन देउवाको पनि हात रहेको आरोप लागेपछि उनले बुधबार उक्त विज्ञप्ति जारी गरेका हुन् ।

०६४ मा नेपाल ट्रष्ट ऐन जारी हुँदा ट्रष्टलाई 'एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था' का रुपमा ऐनले नै परिभाषित गरेको भन्दै देउवाले ट्रष्टको बोर्डले गर्ने या गरिएका निर्णयमा प्रधानमन्त्रीका रुपमा मलाई गाँस्नु राजनैतिक र कानूनी दृष्टिले समेत गलत भएको उल्लेख गरेका छन् । विज्ञप्तिमा भनिएको छ, 'यो प्रकरणलाई मैले सेक्युरिटी प्रिन्टिङ प्रेस खरीद प्रकरणमा सार्वजनिक भएको '७० करोड' को अडियो, नेपाल ट्रष्ट अन्तर्गतकै गोकर्ण फरेष्ट रिसोर्टको लिज प्रकरणमा गरिएको गम्भीर अनियमितता एवं अन्य प्रकरणबाट ध्यान मोड्ने प्रयत्नका रुपमा लिएको छु ।'

## अप्ठ्यारोमा...

निर्णयअनुसार, गौतमलाई नभई वर्तमान अर्थमन्त्री युवराज खतिवडालाई नै निरन्तरता दिने आफू निकट नेताहरुलाई बताएका छन्। लगत्तै बरिष्ठ नेता नेपालसँग समेत प्रधानमन्त्री ओलीले भेटेका छन्। भेटमा सचिवालयका नेताहरुले आफूलाई पेलेकाले त्यस विरुद्ध सामना गर्न तयार रहेको अध्यक्ष ओलीले बताएको स्रोतले जनाएको छ ।

गएको माघ १९ गते सकिएको नेकपाको केन्द्रीय कमिटी बैठक पछाडि लगातार प्रधानमन्त्री ओली अप्ठ्यारोमा देखिदै आएका छन् । प्रधानमन्त्री ओलीको अभिव्यक्ति बिपरीत अमेरिकन परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) संशोधन गर्ने निर्णय नेकपाले गरेको छ भने उपाध्यक्ष गौतमलाई मनोनित गर्ने सर्वसहमत निर्णय समेत भएको छ । आफ्ना विश्वास पात्र गोकुलप्रसाद बाँस्कोटा यही बेला कमिसन बार्गेनिङ प्रकरणको अडियो सार्वजनिक भएपछि पदमुक्त भएका छन् । महासचिव बिष्णुप्रसाद पौडेलको छोरा जोगाउनतिर लागेको आरोप प्रधानमन्त्री ओली माथि नै लागेको छ । विभिन्न विधयेक ल्याएर प्रधानमन्त्री ओली जनताबाट समेत आलोचित छन् ।

## यती...

मोटरसाइकलमा लिफ्ट दिएर काठमाडौं ल्याएका थिए । किशोरीलाई गन्तव्यमा पुग्न नदिई घलेले ४ दिनसम्म बन्धक बनाएका थिए। प्रहरीका अनुसार टोखास्थित एक घरमा फ्ल्याट भाडामा लिएर एक्लै बस्दै आएका घलेका परिवार अमेरिकामा रहेको छ। प्रहरी नायब उपरीक्षक बोगटीका अनुसार घलेले १२ कक्षामा अध्ययनरत ती किशोरीलाई अमेरिका पठाइदिने प्रलोभनमा पारेर पटक-पटक बलात्कार गरेका हुन् ।

बोगटीका अनुसार किशोरीले फागुन १ गते आफन्तलाई घटनाबारे खबर गरेको र सूचनाको आधारमा प्रहरीले घलेलाई नियन्त्रणमा लिएको हो । उनले भने, 'किशोरीले आफूलाई घलेले फ्ल्याट कोठामा बन्धक बनाएर बलात्कार गरेको उजुरी दिइसकेकी छन् । किशोरीको स्वास्थ्य जाँचसहितको प्रक्रिया पूरा गरिसकेका छौं ।'

## सम्झौता...

लम्बिएपछि मन्त्री र व्यवसायीबीच नीतिगत मुद्दामा छलफल हुन सकेको थिएन ।

तर, विष्टको वहिर्गमनसँगै यादवको इन्ट्री भएपछि सम्बन्ध सुधारिएको छ । मंगलबारकै घटनाले पनि मन्त्रालय र व्यवसायीबीच सम्बन्ध सुधारिएको देखाएको छ। मन्त्रीसहितको टोली मौरिसस प्रस्थान गर्नुअघि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएनको टोलीले विमानस्थलमै पुगेर बिदाइ गरेको छ ।

मन्त्री नेतृत्वको यसअघिका रोजगार सम्झौता कार्यान्वयमा निस्किएपछि रोजगार व्यवसायी उत्साहित भएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित श्रेष्ठ मन्त्री राय यादवले देखाएको अग्रसरताले मौरिससको रोजगारीमा ठोस उपलब्धि हुने आशा पलाएको बताउँछन् ।

समझदारीमा मौरिससले नेपालबाट शून्य लागतमा कामदार लान पाउने उल्लेख छ । त्यस्तै लागतको नियमन एवं नियन्त्रण दुवै देशले गर्ने, कामदारबाट अनुचित तरिकाले शुल्क लिन नपाउने र कामदार भर्ना शुल्क रोजगारदाताले नै व्यहोर्ने शर्त पनि सम्झौतामा छ ।

त्यसो त नेपाली कामदार मौरिसस पुगेको ६ घण्टाभित्रै रोजगारदाता वा निजको प्रतिनिधिले कार्यस्थलमा लानुपर्ने विषय पनि सम्झौतामा छ । कामदारको सुरक्षादेखि स्वास्थ्योपचार र सेवा सुविधामा पनि मौरिससले लचकता अपनाएको छ । दुर्घटना बीमा, उपचार, वर्षमा १ महिना बिदालगायतका विषय राखेर मौरिससले सुविधाजनक रोजगारीको ढोका खोलेको हो ।

मौरिससँग भएको समझदारी हुबहु कार्यान्वयन भएमा नेपाललाई अन्य मुलुकसँग गर्ने श्रम सम्झौता तथा समझदारीका लागि अडान लिन सहज हुने कतिपयको विश्लेषण छ ।

## संसदीय...

मन्त्रालयका प्रतिनिधिसमेत रहने समितिले जनाएको छ ।

तत्कालीन व्यवस्थापिका संसदको अन्तर्राष्ट्रिय सम्बध तथा श्रम समितिले दुईपक्षीय श्रम सम्झौता नभएका खाडी मुलुकमा घरेलु कामदार नपठाउन सरकारलाई निर्देशन दिएको थियो । तर नेपाली युवाले अवैध बाटो रोजेरै भए पनि खाडी मुलुकलाई गन्तव्य बनाउन थालेपछि समस्या सिर्जना हुँदै आएको छ ।

यहीबीच, त्यसतर्फ जान लागेको संसदीय समितिले छलफल शुरु गरेको छ। समितिले विज्ञहरुलाई आमन्त्रण गरेर छलफल थालेको हो । समितिका सभापति विमल श्रीवास्तवले सबै प्रकारको सुरक्षाको आकलन गरेर मात्रै खाडी मुलुक जाने घरेलु कामदारबारे निर्णय हुने बताए ।

## हङकङको ...

आएको छ । माओवादी द्वन्द्वका क्रममा शरणार्थीका रूपमा आवेदन दिने विकृति बढेपछि हङकङले वर्कपर्मिट रोक्दै आएको हो ।

हाल हङकङमा ३० हजार नेपाली रहेको तर शरणार्थीको आवेदन गर्नेहरू अत्यन्तै थोरै रहेको भन्दै अध्यक्ष गुरुङले अझै पनि १५ वर्षअघिकै नजरबाट हेरिनु उपयुक्त नभएको बताइन् ।

हङकंङका बासिन्दाहरूको पहिलो रोजाइमा नेपाली सुरक्षा गार्ड रहने गरेका छन्। भूतपूर्व गोर्खा सैनिक रोजाइमा भए पनि वर्कपर्मिट नहुँदा भारतीय र पाकिस्तानीले अवसर पाउँदै आएका छन् । एनआरएनए हङकङकी अध्यक्ष गुरुङका अनुसार, घरेलु र सुरक्षागार्डका रूपमा काम गर्नेहरूले १ देखि २ लाख रुपैयाँसम्म तलब पाउँदै आएका छन् ।

हङकङको रोजगारी खुलाउन पटकपटक परराष्ट्र र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको ध्यानाकर्षण गराए पनि त्यसतर्फ चासो नदिएको उनले गुनासो गरिन् ।


**मलेसियामा रोजगारको अवसर** | कम्पनी : RESTORAN SIN WIN | शहर: JOHOR

पूर्व स्वीकृत मितिः २०७६/११/१४ | चलानी नं.: ६०१५२४५५ | LT. No.: 233256

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Resturant Crew | 1 | 0 | स. कामसा दक्ष | 1200 | ३२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २२ गते (5 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुनछ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**संयोग ओभरसिज प्रा. लि.**

तिनकुने, काठमाडौं, नेपाल,फोन: ४११२३९८, ४११२३९९, फ्याक्स ४११२३९९

Email: samyogoverseas@hotmail.com, Web: www.samyogoverseas.com



**ISC रिपोर्ट हरायो**

२०७६/१०/२० गते नयाँ बस पार्कबाट गौशलासम्म जाँदा मेरो निम्न व्यहोरा भएको मलेसिया जानको लागि चाहिने ISC रिपोर्ट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

Name: Ghanshyam Chaudhary
Address: nawalparasi
Pasport No.: 09465257
Sticker No.: .01267599
Contact: 9841313477

**ISC रिपोर्ट हरायो**

२०७६/१०/२० गते नयाँ बस पार्कबाट गौशलासम्म जाँदा मेरो निम्न व्यहोरा भएको मलेसिया जानको लागि चाहिने ISC रिपोर्ट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

Name: Kamleshwor Panjiyar
Address: nawalparasi
Pasport No.: 10962719
Sticker No.: .01269019
Contact: 9841313477



**BANPHIKOT RURAL MUNICIPALITY**
**Office of the Rural Municipal Executive**
**Rukum West, Banphikot**

visit Nepal 2020 Lifetime Experiences

**Invitation for the following scheme**

**Bid Publication Date: 2076/11/15**

| S.No./Works | IFB No. | Cost of Bid Documents (Bank Deposit) | Bid Security/Bid Bond (Bank Deopsit/ Bank Guarantee) | Last date of Submission | Last date of Bid Opening |
|---|---|---|---|---|---|
| Construction of Irrigation Project Rukum West | BRM/NCB/WORKS IRRIGATION-01/ 076/077 | Rs.3,000 | Not less than Rs.140000 | 2076/12/15 12:00 Noon | 2076/12/16 2:00 PM, |
| Bank A/C No. Laxmi Bank Ltd., Banphikot rukum west Branch A/C No.09411000023 (Rajswa), & (Dharouti) | | | | | |
| Note : For Further details and Downloading of Tender Documents, Please visit www.bolpatra.gov.np/egp | | | | | |

# उपसभामुख चयन अन्योलमा

**काठमाडौं/मस-** प्रतिनिधिसभाको सभामुख चयन भएको लामो समय हुँदा पनि उपसभामुख चयनका विषयमा दलहरु मौन देखिएका छन् । गत माघ १२ गते सभामुखमा सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)बाट अग्नि प्रसाद सापकोटा निर्वाचित भएसँगै उपसभामुख चयनको प्रक्रिया चाँडै शुरु हुने विश्वास गरिएपनि अहिलेसम्म सभामुख चयनको विषयमा दलहरुले तदारुकता देखाएका छैनन् ।



सत्तारुढ दल नेकपाका नेताहरुले सभामुख चयनमा ढिलाइ नभएको बरु केही समय पर्खिएको बताएको छ भने विपक्षी दलका नेताहरुले सत्तापक्ष दलले निर्णयमा ढिलाइ गरेको बताइरहेका छन् । सत्तारुढ दल नेकपा संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले सभामुख चयनमा ढिलाइ नभएको तर केही समय पर्खेको बताए ।

नेकपाले सभामुख पाउँदा उपसभामुखका लागि तीन दलहरु नेपाली कांग्रेस, समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीमध्ये कुनै एक दलबाट उम्मेदवार बन्ने उनले बताए । उनले राजपाले उपसभामुखका लागि अनिच्छा देखाएको, कांग्रेसले उपसभामुख नमाग्ने प्रतिक्रिया दिएको र समाजवादी पार्टीले केही समयअघि मात्रै सरकार छाडेकोले राम्रोसँग छलफल हुने अवस्था नदेखिएको बताए ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद दिलेन्द्र प्रसाद बडुले सभामखु चयनमा सत्तारुढ दलको आन्तरिक कारणले ढिला भएको बताउँदै उपसभामुख चयनमा ढिला गर्न नहुने बताए। फरक दल र फरक लिंगको हुनुपर्ने संवैधानिक प्रावधान अनुसार उपसभामुखको चयन प्रक्रिया चाँडो शुरु गर्न उनले आग्रह गरे । उनले उपसभामुखमा उम्मेदवारी दिने विषयमा कांग्रेसले अहिले सम्म केही नसोचेको बताए । अरु दलहरुपनि यसका लागि दावेदार रहेकाले सत्तारुढ दलले सोचेको निर्णय हुने उल्लेख गर्दै बडुले कांग्रेसले केही नसोचेको बताएका हुन् ।

राष्ट्रिय जनता पार्टी (राजपा) अध्यक्ष मण्डलका संयोजक महेन्द्र राय यादवले उपसभामुख कसलाई दिने भनने कुरा सरकारले निर्णय गर्ने बताए । अहिलेसम्म आफ्नो पार्टीलाई आधिकारिक रुपमा केही नभनेको उल्लेख गर्दै उनले सरकारले पार्टीलाई भनेको खण्डमा छलफल गरेर टुंगो लगाउने बताए । सरकारले उपसभामुख कसलाई दिने भन्ने कुरा स्पष्ट पारेपछि यो विषय टुंगो लाग्ने उनले बताए । सभामुखमा सापकोटा निर्वाचित भएपनि उपसभामुखको विषयमा अहिलेसम्म कुनै प्रक्रिया अगाडि बढ्न सकेको छैन ।

# सेना नागरिकको भरोसाको केन्द्रविन्दु : प्रधानसेनापति

**बुटवल/मस-** प्रधानसेनापति पूर्णचन्द्र थापाले नेपाली सेना नेपाली नागरिकको आस्था एवं भरोसाको केन्द्रविन्दु तथा राष्ट्रिय एकताको प्रतिक भएको बताएका छन् । बुटवल रामनगर ब्यारेकमा बुधबार आयोजित भूतपूर्व सैनिक सम्मेलनको उद्घाटन गर्दै उनले राष्ट्रिय एकता कायम राख्नु नेपाली सेनाको संवैधानिक जिम्मेवारी रहेको उल्लेख गरे ।



प्रधानसेनापति थापाले भने, 'बदि्लँदो वर्तमान परिवेशमा एकता र पहिचानका विषय विविध कारणले समयसमयमा ओझेलमा परेको जस्तो देखिन्छ, जुन राष्ट्रिय सुरक्षा, विकास र समृद्धिका बाधक हुन्, हामी सम्पूर्ण नेपाली यसप्रतिसमेत रहनैपर्छ ।'

उनले नेपाल एकीकरणको दौरानमा प्रयोग भएका पदमार्ग र एकीकरण अभियानसँग सम्बन्धित इतिहास तथा ऐतिहासिक धरोहरको संरक्षण, सम्वर्द्धनबाट विखण्डनको विचारलाई परास्त गर्ने मात्र नभई भविष्यको पिँढीमा देशभक्ति, राष्ट्रियता र राष्ट्रिय एकताको विजारोपण गर्ने र ऐतिहासिक पर्यटनको विकास गर्दै राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुग्ने विश्वास व्यक्त गरे । उनले सेवानिवृत्त सैनिकको सामाजिक पहिचान र आर्थिक विकासका लागि शिक्षा, स्वास्थ्यको पहुँच विस्तारमा जोड दिइएको बताए ।

बलाध्यक्ष रथी गौरव तण्डुलले बहालवाला र भूतपूर्व सैनिकबीचको सम्बन्धलाई अझ कसिलो र नजिक बनाउन यस किसिमको सम्मेलन निकै उपयोगी रहने बताए। सैनिक कल्याणकारी बोर्डका प्रमुख कार्यकारी अधिकृत उपरथी(सेवानिवृत्त) पदमविलास कार्कीले कोषबाट सम्पादन गरिएका कामका बारेमा प्रकाश पारे। सो अवसरमा उपरथी नरबहादुर कँडेल (अवकाशप्राप्त) र नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघका वरिष्ठ उपसभापति सहायक रथी (अवकाशप्राप्त) केशवबहादुर भण्डारीले पनि पूर्व सैनिकले देश र जनताका लागि बगाएको रगत र पसिनाको कदर गरी सञ्चालन गरिएका विभिन्न कल्याणकारी कामबारेमा बोलेका थिए ।

सो अवसरमा प्रधानसेनापति थापाले विगतको द्वन्द्व, विभिन्न प्राकृतिक विपद्का क्रममा घाइते भएका भूतपूर्व सैनिकलाई ह्वीलचेयर र वैशाखी वितरण गर्नुका साथै सैनिक कल्याणकारी कोषद्वारा सञ्चालित लघुकर्जा लिन इच्छुकलाई चेक हस्तान्तरण गरेका थिए । 'शिक्षा, स्वास्थ्य, सुविधा र स्वरोजगार आत्मसम्मान तथा समृद्धिको' आधार भन्ने नाराका साथ आयोजना गरिएको सम्मेलनमा ५ नं प्रदेशका विभिन्न जिल्लाको संस्कृति, वेशभूषा झल्किने कौरा, थारु, सोरठी, सराय नाच प्रस्तुत तथा मार्चपास र सैनिक कला प्रस्तुत गरिएको थियो। सम्मेलनमा नवलपुर, परासी, रुपन्देही, कपिलवस्तु, गुल्मी पाल्पा, अर्घाखाँचीका सेवानिवृत्त सैनिक र तिनका परिवारको उपस्थिति थियो। हाल नेपाली सेनामा सकल दर्जाका गरी करिब ८५ हजार सेवानिवृत्त छन् भने हितकारीको संख्या करिब आठ लाख रहेको छ ।

## 'विकास, राजनीति र रवीन्दरु अधिकारी' निबन्ध प्रतियोगितामा परियार प्रथम

**काठमाडौं/मस-** रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानले 'रवीन्द्र स्मृति दिवस'को अवसरमा आयोजना गरेको देशभरका स्नातक र स्नात्तकोत्तर तहका विद्यार्थी बीचको निबन्ध प्रतियोगितामा ललितपुरका सुरज परियार प्रथमले स्थान हासिल गरेका छन्। परियार रिट्ज कलेजमा इन्जिनियरिङ्ग विषयतर्फ प्रथम सेमेस्टरमा अध्ययनरत विद्यार्थी हुन् ।

त्यस्तै द्वितीय स्थानमा त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान नर्सिङ्ग क्याम्पस विराटनगरमा स्नातक तह, दोस्रो वर्षमा अध्ययनरत मनिता योङहाङ र तृतीय स्थानमा सुष्मा गोदावरी कलेज, इटहरी सुनसरीमा स्नातक तहमा अध्ययनरत ओखल ढुङ्गाका रामचन्द्र अधिकारी छानिएका छन् ।

'विकास, राजनीति र रवीन्द्र अधिकारी' विषयमा निबन्ध प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगितामा नेपालभरबाट स्नातक तह र सोभन्दा माथी अध्ययनरत ५२ जना विद्यार्थीका निबन्धहरू समावेश गरिएको थियो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने प्रतियोगीले क्रमशः रु २५ हजार, २० हजार र १५ हजार नगद र प्रमाण-पत्र प्राप्त गर्ने प्रतियोगिताका संयोजक डोलराज पाण्डेले जानकारी दिए ।

विजयी प्रतियोगीलाई स्व.अधिकारीको प्रथम स्मृति दिवसका अवसरमा आयोजना हुने कार्यक्रममा पुरस्कार प्रदान गरिने संयोजक पाण्डेले जानकारी दिए। रवीन्द्र अधिकारीको सकारात्मक र अविस्मरणीय कार्यलाई चीरस्थायी बनाउन गत जेठ १८ गते प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठानको गठन गरेका थिए ।

## घुससहित वडाध्यक्ष पक्राउ

**भैरहवा/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवल कार्यालयले समरिमाई गाउँपालिकाका ५ का वडाध्यक्ष श्रवण कुमार यादवलाई कार्यलयबाटै पक्राउ गरेको छ। अख्तियारको टोलीले उनलाई घुस लिएको अभियोगमा पक्राउ गरेको हो ।

यस्तै अख्तियारको टोलीले उच्च सरकारी वकिल कार्यालय बुटवलका कार्यालय सहयोगी महेन्द्र यादवलाई घुससहित पक्राउ गरेको छ। उनलाई १७ हजार घुससहित पक्राउ गरेको अख्तियारले जानकारी दिएको छ। पक्राउ गरेका दुवैजना माथि अनुसन्धान थालिएको अख्तियारले जनाएको छ ।

## चुरे क्षेत्रको उत्खनन अनुसन्धान हुँदै

**काठमाडौं/मस-** वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतले चुरे क्षेत्रको संरक्षण गर्ने उद्देश्यले सरकारले नदी तथा खोला किनारा संरक्षण र पहिरो नियन्त्रणलाई प्राथमिकता दिएको बताएका छन्। प्रतिनिधिसभाको बुधबारको बैठकमा वन मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर दिँदै मन्त्री बस्नेतले चुरे क्षेत्रको संरक्षण गर्न भूमिगत जल पुनर्भरण, वृक्षरोपण, पोखरी तथा सिमसार क्षेत्रको व्यवस्थापन, अतिक्रमण नियन्त्रण, कृषि, वनलगायत कार्यक्रमलाई प्राथमिकता दिइएको बताए ।

सरकारले २०७१ सालमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम ल्याइसकेको छ। समग्र तराई -मधेश चुरे क्षेत्रको संरक्षण गर्न सरकारले गुरुयोजनासमेत तय गरिएको छ। चुरे तथा तराई-मधेश क्षेत्रको प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापन गर्न राष्ट्रपति तराई चुरे संरक्षण समिति गठन भई एकीकृत रुपमा संरक्षण र व्यवस्थापन भएर राष्ट्रिय गौरवको आयोजनाका रुपमा कार्यक्रम सञ्चालन भइरहेको छ ।

मन्त्रीले बस्नेतले भने, 'तराई मधेश चुरेका कारणले उत्पन्न हुने समस्याले प्रभावित छ, बाढीपहिरो र डुबानको समस्या छ, त्यसको समाधानका लागि सरकार योजनाबद्ध ढङ्गले लागिपरेको छ, जलवायु परिवर्तनको समस्या समाधान हुन्छ।' उनले चुरे क्षेत्रबाट नदीजन्य क्षेत्रमा कति उत्खनन गर्नुपर्ने हो भन्नेबारे अनुसन्धान भइरहेको समेत जानकारी दिए । त्यसअघि सांसद डिला सङ्ग्रौलाले चुरे दोहनले तराई-मधेशमा पानीका मुहान सुक्न थालेका अवस्थामा समाधानका लागि सरकारको योजना के छ भनी प्रश्न गरिन् । सांसद सरिता गिरी र प्रेम सुवालले चुरेको ढुङ्गाबालुवा कहाँ लगिन्छ भनी प्रश्न गरे ।

# 'शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा सबै दल एकजुट'

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १४ फागुन

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदेयश त्रिपाठीले शिक्षा र स्वास्थ्य क्षेत्रको विकासको बीचमा नेपालका राजनीतिक दलहरुबीच कुनै मतभेद नरहेको बताएका छन् । नवलपरासीको बर्दघाट नगरपालिका वडा नं.२ चिसापानीमा मंगलवार दिब्य ज्योती माध्यमिक विध्यालयको ४३औं वार्षिकोत्सव तथा अभिभावक दिवस समारोहमा संबोधन गर्दै मन्त्री त्रिपाठीले सो कुरा बताएका हुन् ।



उनले निजी तथा सामुदायिक लगानी र राज्यको लगानीमा शिक्षालाई अगाडि बढाउने सरकारको नीतिमा हरेक दलहरु क्रियाशिल रहेको बताए । संवैधानिक व्यवस्था भइसकेको अवस्थामा दलहरुको बीचमा विवाद नरहेको र शिक्षा क्षेत्रका साथ साथै स्वास्थ्य क्षेत्रमा समेत सबै एकजुट रहेको उनको भनइ थियो। उनले अब देश क्रमश परिवर्तनको बाटोमा हिँडेको बताए।

मन्त्री त्रिपाठीले दिव्यज्योति माध्यमिक विद्यालय चिसापानीलाई आगामि आर्थिक वर्षमा स्कुल बस उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे । बर्दघाट नगरपालिकामा ट्रामा सेन्टर सहितको अस्पतालका लागि समेत सरकारले सहयोग गर्ने मन्त्री त्रिपाठीले बताए ।

कार्यक्रममा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुले आफ्नो जन्मदिनको अवसरमा खर्च गर्ने रकमलाई संकलन गरी विद्यालयका गरिब तथा विपन्न वर्गका प्रावि तहका १५ जना विद्यार्थीहरुलाई झोला लागयत शैक्षिक समग्री वितरण गरेका थिए ।

कार्यक्रममा प्रदेश सांसद अजय बहादुर शाही, बर्दघाट नगरपालिकाका नगर उप प्रमुख माया देवि पौडेल, दिब्य ज्योती बहुमुखि क्याम्पसका अध्यक्ष वृहस्पति अधिकारी, विद्यालयका सल्लाहकार सदानन्द पाण्डे, यम बहादुर थापा, कमल परियार, अक्षकोषदाता कृष्ण पाण्डे, बर्दघाट नगरपालिका वडा नं. २ का वडाध्यक्ष दया दर्लामी, दाउन्ने देवि मा.वि.का प्र.अ. चिरन्जीवि खनाल लगायतले आ आफ्ना भनाइहरु राखेका थिए। कार्यक्रममा विद्यालयका प्रधानाध्यापक हुमनाथ आचार्यले विद्यालयको वर्तमान अवस्था र आर्थिक गतिविधि समेटिएको प्रतिवेदन प्रस्तुत गरेका थिए भने सोही अवसरमा विद्यालयको दिब्यज्योति बुलेटीनको समेत लोकार्पण गरिएको थियो ।

## यौन सम्बन्धको भिडियो देखाएर ब्ल्याकमेलिङ गर्ने पक्राउ

**मोरङ/मस-** आफैंले यौन सम्बन्ध राखेको भिडियो देखाएर ब्ल्याकमेलिङ गरेपछि मोरङमा एक विवाहित महिलाले आत्महत्या गरेकी छन्। आत्महत्या गर्न बाध्य बनाएको आरोपमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सुन्दरहरैचा- ६ बस्ने १९ वर्षीया संजिता निरौला र सुन्दरहरैचा ४ बस्ने ऋषिराम भट्टराई छन् ।

उनीहरुले मोरङको सुन्दरहरैचा नगरपालिका-५ की ती महिलालाई आत्महत्या गर्न बाध्य पारेको आरोप प्रहरीले लगाएको छ । प्रहरीका अनुसार फागुन ८ गते प्रितीले आत्महत्या गरेपछि प्रहरीले सुसाइट नोट फेला पारेको थियो । सुसाइट नोटमा दुईवटा फेसबुक एकाउन्टबाट नग्न तस्वीर देखाएर आफूलाई ब्लाकमेलिङ गरेको उल्लेख थियो ।

ड्याजलिङ क्वीन र दीपा नाम गरेको फेसबुक आइडीबाट नग्न तस्वीर प्रीतिको म्यासेन्जरमा पठाएर पैसा नदिए भाइरल बनाइदिने डर देखाइएको अनुसन्धानबाट खुलेको इलाका प्रहरी कार्यालय बेलबारीका प्रमुख इन्स्पेक्टर गुणराज बुढाथोकीले बताए। उनका अनुसार एक छोरीकी आमा प्रितीका श्रीमान् भने वैदेशिक रोजगारीमा छन् ।

प्रहरीकाको प्रारम्भिक अनुसन्धानअनुसार ऋषिराम भट्टराई प्रितीलाई पहिलादेखि नै मन पराउँथे। उनीहरु सामाजिक सञ्जालमार्फत नजिकिएका थिए । त्यसपछि उनीहरुबीच शारीरिक सम्बन्ध भएको र ऋषिरामले भिडियो बनाएको इन्स्पेक्टर बुढाथोकीले जानकारी दिए ।

सोही भिडियोलाई प्रयोग गरी पटकपटक प्रीतिसँग रकम असुलेको प्रहरीको अनुसन्धानबाट खुलेको छ। प्रीतिबाट ऋषिरामले ५५ हजार रुपैयाँ लिएको प्रहरीले जनाएको छ । उनले विभिन्न मितिमा धम्की दिँदै पैसा असुल्ने गरेको र पैसा नभएपछि आफूले आत्महत्याको बाटो रोजेको मृतक प्रीतिले उल्लेख गरेको सुसाइड नोटमा उल्लेख छ ।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक विश्व अधिकारीले भट्टराईले एक वर्षयता नग्न तस्वीर देखाएर पैसा असुल्दै आएको स्वीकार गरेको बताए। पैसा लिन भने उनले सञ्जितालाई प्रयोग गर्दै आएको खुलेको छ ।

प्रीतिले आत्महत्या गर्नुअघि पनि भट्टराईले पैसा नदिए फोटो भाइरल गरिदिने धम्की दिएका थिए। तर उनीसँग पैसा थिएन। मागेजत्ति पैसा दिन नसक्ने भएपछि उनले आत्महत्याको बाटो रोजेको प्रहरीको अनुसन्धानबाट खुलेको अधिकारीले जानकारी दिए। सुसाइड नोटका आधारमा पक्राउ परेका दुई जनाविरुद्ध आत्महत्या दुरुत्साहन मुद्दामा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# नेकपा नगर कमिटी सिरहाले प्रधानमन्त्रीलाई पठायो ज्ञापनपत्र

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, १४ फागुन

जिल्लास्थित जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय लगायत सम्पूर्ण कार्यालयहरुमा भइरहेको विकृति, विसंगति तथा भ्रष्टाचार अन्त्य गर्न लगायतका ११ बुँदे मागसहित नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नगर कमिटी सिरहाले बुधबार प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको छ ।



जनतासँग प्रत्यक्ष सरोकार राख्ने सेवा प्रदायक निकायहरु, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, मालपोत कार्यालय, शिक्षा, स्वास्थ्य, भन्सार, कर, न्यायालय, नापी कार्यालय, गाउँपालिका, नगरपालिका लगायतका कार्यालयहरु भित्रका कर्मचारीहरुको रवैया र काम गर्ने शैली एकदमै हस्यास्पद र लाजमर्दो रुपमा खुलेआम घुस माग्ने देखि लिएर सेवाग्राहीलाई हप्काउने, गाली गर्ने विषयहरु एकदमै चिन्ताजनक तथा निन्दनिय रहेकोले यस्ता गतिविधिहरु अबिलम्ब बन्द गरी जनतालाई सरल, सुलभ तरिकाले सेवा प्रदान गर्ने, सम्मान गर्ने/गराउने, विकृति र विसंगतिहरुलाई यथाशीघ्र अन्त्य गर्न ११ बुँदे मागसहित नेकपा नगर कमिटी सिरहाले पठाएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय सिरहामार्फत प्रधामन्त्रीलाई पठाएको ज्ञापनपत्रमा जिल्लास्थित कार्यालयहरुमा हेल्पडेक्स स्थापना गर्नुपर्ने, जनतालाई सहज, सुलभ सेवाको व्यवस्था मिलाउनुपर्ने, जनताको सार्वजनिक सम्पतिलाई सुरक्षित गर्नुपर्ने, जिल्ला अदालत र भन्सार कार्यालयका लागि जग्गाको व्यवस्था मिलाउनुपर्ने, जन्मसिद्ध नागरिकका सन्तानलाई अबिलम्ब बंशजको नागरिकता उपलब्ध गराउनुपर्ने समेत ज्ञापनपत्रमा माग गरिएको छ ।

यस्तै सिरहा अस्पतालमा दरबन्दी अनुसारको डाक्टर/कर्मचारी र निःशुल्क औषधिको आपूर्ति गर्नुपर्ने, पुर्वपश्चिम राजमार्ग र हुलाकी मार्गको नक्सा मापदण्ड सार्वजनिक गर्नुपर्ने, सिरहा सदरमुकाममा आन्तरिक राजस्व तथा यातायात कार्यालयको उपशाखा स्थापना गर्नुपर्ने मागसहितको ज्ञापनपत्र प्रधानमन्त्रीलाई पठाएको नेकपा सिरहा नगर कमिटीका कुशेश्वर यादवले पत्रकार सम्मेलनमा जानकारी दिए ।


जिल्लास्थित सरकारी कार्यालयहरुमा सेवा प्रदान गर्ने तरिका उपयुक्त नभएको र कर्मचारीतन्त्रमा मौलाउँदै गएको ढिलासुस्तीका कारण जनताले सेवा उपभोगमा सास्ती खेप्दै आएकाले ध्यानाकर्षण गराउन प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको नेकपाका जिल्ला सचिव तथा प्रदेशसभा सदस्य प्रमोद यादवले बताए ।

## शैक्षिक हड्ताल नगर्न अपिल

**काठमाडौं/मस-** नेपाल बार एशोसिएशनको मानवअधिकार तथा जनसरोकार समितिले राजनैतिक मुद्दाका विषयलाई लिएर कुनै पनि किसिमको शैक्षिक हड्ताल नगर्न अपिल गरेको छ। समितिका संयोजक सुनीलकुमार पोखरेलले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा शैक्षिक क्षेत्रलाई शान्ति क्षेत्र ठानी आगामी दिनमा शैक्षिक क्षेत्रमा कुनै पनि किसिमको बन्द हड्ताल नगर्न अपिल गरिएको छ ।

नेपालको संविधानले बालबालिकाले शिक्षा प्राप्त गर्ने कार्यलाई मौलिक हकको रुपमा व्यवस्था गर्दै नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय महासन्धिहरुले पनि शिक्षा क्षेत्रलाई शान्ति क्षेत्रको रुपमा स्वीकार गरेको हुँदा संवैधानिक व्यवस्थालाई सम्मान गर्न माग गरिएको छ । राजनैतिक दल र तिनका भातृ संघ/संगठनले आफ्ना राजनैतिक मुद्दालाई अगाडि सारेर शैक्षिक संस्थामा पठनपाठन अवरुद्ध लगायतका कार्य नगर्न समितिले सम्बन्धित पक्षको ध्यानाकर्षण गराइएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# इतिहास सम्झाउने घटनाक्रम

सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा दिनहुँ नयाँ-नयाँ ट्वीस्ट र घटनाक्रम देखिदै आएको छ । चार दिन अगाडि सचिवालयले गरेको निर्णय बुधबारको सचिवालय बैठकले उल्ट्याएको छ । शनिबारको सचिवालय बैठकले संघीय संसदको माथिल्लो सदनबाट पनि प्रधानमन्त्री बन्न सक्नेगरी संविधान संशोधन गर्ने कार्यदल गठनको प्रस्ताव अगाडि बढाएको थियो । तर, संविधान संशोधन पार्टी उपाध्यक्ष वामदेव गौतमका लागि गर्न नसकिने नेकपाकै नेताहरूको अडान र सार्वजनिक आलोचना पछि बुधबार कार्यदल प्रस्तावको एजेण्डा नै खारेज गरिएको छ । बरिष्ठ नेता एवम् पूर्व प्रधानमन्त्री माधवकुमार नेपालको संयोजकत्वमा कार्यदल गठन गर्ने प्रस्ताव खारेज गरेसँगै नेकपामा नयाँ बहस फेरि सतहमा आएको छ ।

बुधबारको सचिवालय बैठकबाट उपाध्यक्ष गौतमलाई राष्ट्रियसभामा मनोनित गर्ने प्रस्ताव अगाडि बढाइएको छ । गएको माघ ९ गते सम्पन्न राष्ट्रियसभा निर्वाचनमा उम्मेद्वार बन्न अस्वीकार गरेका गौतम फेरि राष्ट्रियसभामा जान जोडबल गरेपछि नेकपाले निर्णय गरेको जनाइएको छ । तर, यो निर्णयले नेकपामा फेरि पनि नयाँ तरंग ल्याएको छ । सचिवालयले गौतमलाई मनोनित गर्ने निर्णय गरेको केही घण्टा नबित्दै प्रधानमन्त्री केपी शर्मा ओलीले बरिष्ठ नेता नेपाललाई बालुवाटार बोलाएर असन्तुष्टि राखेका छन् । प्रधानमन्त्री ओलीले अहिलेका अर्थमन्त्री युवराज खतिवडालाई नै निरन्तरता दिने अडान लिएको समाचारहरू सार्वजनिक भएको छ ।

प्रधानमन्त्रीले भने राष्ट्रियसभा र अर्थमन्त्रीमा खतिवडालाई नै निरन्तरता दिने तयारी गरेका थिए । फागुन ८ गते सूचना, प्रविधि तथा सञ्चार मन्त्रालयको जिम्मेवारी समेत खतिवडालाई दिदै प्रधानमन्त्री ओलीले खतिवडालाई नै निरन्तरता दिने तयारी गरेका हुन् । तर, बुधबारको निर्णयबाट भने प्रधानमन्त्री ओली पार्टीभित्र अल्पमतमा परेको प्रष्ट संकेत मिलेको छ । यसअगाडि माघ १९ गते सकिएको केन्द्रीय कमिटी बैठकमा पनि प्रधानमन्त्री ओली अल्पमतमा रहेको देखिसकेको थियो । तर, पछिल्ला निर्णयहरूले समेत सत्तारूढमा अध्यक्ष ओली नै अल्पमतमा रहेको देखिएको छ । पार्टीको निर्णय भन्दा पनि आफ्नो रोजाइकै नेतालाई राष्ट्रियसभामा निरन्तरता दिने ओलीको अभिव्यक्तिले पनि आफू अल्पमतमा रहेको र आइपर्ने पर्ने सामना गर्न तयार रहेको सन्देश दिन खोजेका छन् ।


तर, यसको असर भने राष्ट्रिय राजनीतिमा पर्ने खतरा देखिएको छ । किनभने, २०४८ को आम निर्वाचनबाट प्रचण्ड बहुमतको सरकार बनाएको काँग्रेसमा पनि अहिलेकै जस्तो अवस्था देखिएको थियो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसद बिघटन गरेर आफू जोगिएका थिए, तर मुलुक भने चरम अस्थिरतातिर बढेको थियो । अहिले नेकपाभित्र देखिएको शक्ति संघर्षले फेरि पनि इतिहास दोहोरिन सक्ने संकेत देखिएको छ, त्यस्तो परिदृष्य रोक्नु नेकपाभित्रको सचेत पंक्ति लाग्दा मात्रै मुलुकले प्राप्त उपलब्धीको रक्षा हुनसक्छ ।

## सामाजिक सञ्जाल




बहसलाई संविधान संसोधनमा विषयान्तर गरेर प्रधानमन्त्री र उहाँको गुट बाँस्कोटा टेप प्रकरण छानविनलाई ओझेल गर्न सफल भएकोमा हार्दिक बधाइ ज्ञापन गर्न चाहान्छु ।

-अशोक दहाल




विश्वविद्यालयमा नेतृत्व चयन नहुँदा उच्च शिक्षााको भविष्य चौपट हुँदैछ, तमाम शैक्षिक कार्यक्रम धराशायी हुँदैछन् । सबै विश्वविद्यालयमा उपकुलपतिसहित सबै पदाधिकारी तत्काल नियुक्त गरियोस् । नेताहरूको भागबण्डा नमिलेर यस्तो भएको हो भन्ने नराम्रो सन्देश जनस्तरमा व्याप्त छ ।

- डा. विजय पौडेल



नेकपाको बलियो आन्तरिक एकता, नीति र विधि सम्मत पार्टी सञ्चालन आजको आवस्यकता हो । गतिशील सरकार, देशको विकास, लोकतन्त्र, सुशासन र पारदर्शिताको प्रत्याभूति नै जनचाहना एवम् हामीलाई प्राप्त जनमत हो । हामीलाई असफल हुने छुट छैन । होसियार बनौ ! खबरदारी गरौ !

- ठाकुर गैरे



शैक्षिक सुधारको लागी चन्दा मागिन्छ, नपाउदा शिक्षण संस्था बन्द, कहिले काही लाग्छ यो 'राजनीति' र 'प्रजातन्त्र' हामीलाई मागी खाने भाडो मात्र होइन, कसैको बाउको बिर्ता पनि हो ।

- निर्मला ढकाल

**लेखक तथा पाठकवर्गमा अनुरोध**

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# विचार हराएको कांग्रेस



■ डा. घनश्याम भट्ट

> खुल्ला मञ्चमा सत्तारूढ दलका अध्यक्षले पाँच हजारको हत्याको जिम्मा आफ्नो भनेर हुंकार गरेका बेला प्रमुख प्रतिपक्षी दल शीत निन्द्रामा मस्त छ ।

मानवअधिकारको सम्मान, विधिको शासन र स्वतन्त्र न्यायालयप्रति आस्थावानले कांग्रेस त्याग्ने वातावरणको निर्माण कांग्रेस स्वयंले गर्दैछ, यो आत्मदाह नभएर के हो त ?

आफ्नो झण्डामा भएका चार तारालाई कांग्रेसले चार आधारभूत स्वतन्त्रतासँग जोडेको छरथियो । ती आधारभूत स्वतन्त्रताले मानव अधिकारलाई सर्वोच्च स्थानमा राख्छन् । यिनै मान्यताका कारण भ्रष्टाचार र कुशासनका अनेक मुद्दामा आरोपित हुँदा पनि पटक पटक जनताले कांग्रेसलाई सम्मानित स्थान दिएका छन् । वर्तमान परिस्थितिमा प्रमुख प्रतिपक्षमा कांग्रेसले प्राप्त गरेको स्थान पनि सम्मानजनक छ । नत्र भारतमै हेरौं न, जनताले प्रतिपक्षलाई कुन धरातलमा होच्याएका छन् । ती आधारभूत स्वतन्त्रतासँगको सम्झौता कांग्रेसको नीतिविपरीत हुन्छ । लोकतन्त्रको सर्वोच्च मन्दिर संसद्को सभामुखमा मानवहत्या जस्तो जघन्य अपराधमा आरोपित व्यक्तिलाई प्रस्ताव गरिँदा कांग्रेसले आफ्नो फरक मत वा विमतिसम्म राख्न उचित ठानेन । लोकतन्त्रमा फरक मत एक शक्तिशाली शस्त्र हो । कांग्रेसले आफ्नो सैद्धान्तिक विमति प्रदर्शन गर्न सक्थ्यो । मानव अधिकारको पक्षमा आफ्नो मत इतिहासमा अंकित गर्ने अवसर गुमेको कांग्रेसका मस्तराम नेताहरूले चालै पाएनन् । भ्रष्टाचार काण्डमा आफ्ना नेताको बचाउ गरेर कांग्रेसले अर्को अवसर गुमाएको छ ।

एउटा दन्त्य कथा छ–एउटा जंगलमा ठूलो आगलागी भएछ । सबै जनावरहरू भागाभाग भएछन्। दुईवटा चराहरू भने एउटा नजिकैको पोखरीबाट आफ्नो चुच्चोमा पानी ल्याउँदै आगोमा हाल्दै गरिरहेका रहेछन् । एउटा हात्तीले ती चरालाई देखेछ र सोधेछ, 'ए मूर्ख चराहरू हो, तिमीहरूले यो के नाटक गरेको ? तिमीले बोकेको पानीले यो आगो निभ्दैन, आफ्नो समय नष्ट नगर। बरु भागेर सुरक्षित स्थानमा गएर बस।' चराहरूले भनेछन्, 'हामी चुच्चोमा बोकेको पानीले जंगलको आगो निभाउन सक्दैनौं तर यो आगो निभाउने प्रयास गर्नुपर्छ भन्ने हाम्रो मत हो । वर्षौंपछि यो आगो निभाउन खोज्ने र निभाउन नखोज्ने व्यक्तिको इतिहासले खोजी गर्नेछ । हामी चाहन्छौं, त्यसबेला इतिहासले हामीलाई यो आगो निभाउन प्रयत्न गर्ने प्राणीको रूपमा लिपिबद्ध गरोस् ।' ती चराहरूले आफ्नो मत प्रदर्शन गर्ने अवसरको सदुपयोग गरे। एक प्रतिपक्षीका रूपमा प्राप्त भएका संसदीय अवसरहरू कांग्रेसले रणनीतिको अभावले गुमाउँदै गइरहेको छ । यो कांग्रेस नेतृत्वको वैचारिक संकुचनको संकेत हो ।

अमेरिकी संसद्मा हालै राष्ट्रपति डोनाल्ड ट्रम्पले महाभियोग सामना गरे । अमेरिकी संसद्को तल्लो सदन कांग्रेसमा डेमोक्रेट र माथिल्लो सदन सिनेटमा रिपब्लिकन पार्टीको बहुमत छ । कांग्रेसमा दलीय आधारमा मत विभाजन भएको स्पष्ट देखिएको थियो । राष्ट्रपतिलाई पदमुक्त गर्न सिनेटमा दुईतिहाइ बहुमत चाहिन्छ तर डेमोक्रेटसँग त्यहाँ सामान्य बहुमत पनि थिएन । त्यसैले ट्रम्पलाई सिनेटले पदमुक्त गर्ने कुनै सम्भावना थिएन । तर पनि सिनेटले यो महाभियोगमा पन्ध्र दिनसम्म बहस गर्‍यो । ट्रम्पले पाएको सफाइ आश्चर्यजनक थिएन । तर सिनेटमा व्यक्त गरिएका धारणा इतिहासले कैद गरेको छ । रिपब्लिकन पार्टीका एकजना सिनेटर मिट राम्नीले ट्रम्पको विरुद्धमा मत हाले । उनको एक मतले महाभियोगको परिणाममा कुनै फरक पर्दैनथ्यो तर उनको त्यो मत भने इतिहासमा अंकित हुनेछ । सिनेटमा प्रस्तुत गरिएका मतले अमेरिकाको आगामी निर्वाचनमा उल्लेख्य भूमिका खेल्ने छन् । यो लामो समयसम्म अमेरिकाको राजनीतिमा देखिनेछ। नेपालको इतिहासले कांग्रेसलाई अग्नि सापकोटाको पक्षमा राख्नेछ । सभामुखमा कांग्रेसको पराजय निश्चित थियो तर लम्पसार हुनुआवश्यक थिएन । कांग्रेसका नेता, नीति र रणनीतिका असफलता यो लम्पसारवादका प्रमुख कारण हुन्, त्यसैले यसको परिणाम कांग्रेसले देख्नेछ, भोग्नेछ ।

गत निर्वाचन नेकपाका नेता केपी ओली र कांग्रेसका नेता शेरबहादुर देउवाको बीचको प्रतिस्पर्धा थियो। तर ओली डँडेलधुरामा देउवासँग वा देउवा ओलीसँग झापामा प्रतिस्पर्धामा थिएनन् । डँडेलधुरामा नेकपा र झापामा कांग्रेसले उम्मेदवारी भने दिएका थिए । पराजय हुने निश्चित भएका स्थानमा पनि तिनले उम्मेदवारी किन दिए ? किनकि त्यसो गर्दा आफ्ना राजनीतिक मुद्दाहरू जीवित रहन्छन् । पराजित भएर पनि आफ्नो सैद्धान्तिक आन्दोलन जीवित रहन्छ। पराजय निश्चित हुने खेलमा पनि नेपालले ओलम्पिक खेलमा खेलाडी पठाउने गर्छ। किन ? खेलाडीको मनोबल उच्च राख्न, खेलाडीलाई प्रोत्साहन गर्न । त्यसो नगरे खेलको स्तरमा वृद्धि हुँदैन। पराजय निश्चित भएको राजनीतिमा पनि आफ्ना मुद्दा कायम राख्न र कार्यकर्ताको मनोबल उच्च राख्न नेतृत्वले उच्च प्रयास गरिरहनुपर्छ । आत्मसमर्पण राजनीतिमा आत्मदाह हो ।

एमालेले माओवादीसँग एकता गरेपश्चात युद्धकालका अमानवीय हत्या हिंसाका घटनाका मुद्दा स्वाभाविक रूपले प्रतिपक्षी कांग्रेसको पोल्टामा गए। एमाले र माओवादीको एकीकरणपश्चात् कांग्रेससँग जनताको अपेक्षा बढेको कांग्रेसका नेताका इन्द्रियले चाल पाएनन् । मानवअधिकारको उच्च सम्मानमा विश्वास गर्ने तत्कालीन एमाले नजिकका कतिपय बौद्धिकलाई कांग्रेसले आफूतिर आकर्षित गर्ने र पीडितको पक्षमा बोल्ने त्यो एक अवसर पनि थियो । कांग्रेसलाई त्यसको मतलब भएन । युद्ध क्रममा भएको जनजनको क्षतिको राजनीतिक छिनोफानो होला तर युद्धकालमा आस्थाका आधारमा वा आर्थिक लेनदेनका लागि माओवादी युद्धमा कांग्रेस, एमालेलगायत अन्यको ठूलो मानवीय क्षति भएको छ । तिनको विषयमा सत्तापक्ष र विपक्षमा एकमत भएपछि अब जनताले कांग्रेसलाई केको आधारमा चिन्ने ? लोकतन्त्रको भद्दा मजाक उडाएर रेणुदाहाललाई मेयर बनाउन कांग्रेसको सहयोग थियो। वाइडबडी र एनसेल कर छली जस्ता भ्रष्टाचारका बृहद मुद्दामा सत्तापक्ष र प्रतिपक्ष एक ठाउँमा उभिएका छन् ।

कांग्रेसको सैद्धान्तिक विचलन, व्यक्तिगत स्वार्थ र दिशाहीनताले गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईले पार्टी त्याग गरेका थिए। तैपनि नेता, नीति र रणनीतिको अभावमा संकुचित भएको कांग्रेसको संकुचन यात्रा जारी छ ।

खुल्ला मञ्चमा सत्तारूढ दलका अध्यक्षले पाँच हजारको हत्याको जिम्मा आफ्नो भनेर हुंकार गरेका बेला प्रमुख प्रतिपक्षी दल शीत निन्द्रामा मस्त छ । ललिता निवास काण्डमा विजय गच्छदार र रौतहटको एक हत्याकाण्डमा अफताब आलमको नाम मुछिनुमा भने कांग्रेसको सत्तापक्षसँग विमति छ । गच्छदारको छिनोफानो अदालत बाहिर खोज्नुस्वतन्त्र न्यायालयप्रतिको अनास्था हो। अदालतमा सत्य तथ्यको भन्डाफोर गरेर सरकारी सम्पत्ति हिनामिना गर्नेलाई कानुनी कठघरामा उभ्याउने अवसर कांग्रेससँग अझै सुरक्षित छ । संकुचित कांग्रेसलाई फराकिलो बनाउने यो एक अवसर पनि हो तर कांग्रेस केवल गच्छदारको मुक्ति चाहन्छ ।

कांग्रेसले आफ्नो विद्यार्थी संगठनको मनोबल घटाउन पनि अनेक प्रयत्न गरेको छ । पदको मिलोमतो गरेर अस्थायी रूपमा विवाद थामथुम पार्नमै कांग्रेसले समय बर्बाद गरिरहेको छ। एकथरि देउवालाई जसरी पनि जोगाउनैपर्ने र त्यसबाटै आफ्नो भलाइ हुनेमा निश्चिन्त छन् भने अर्काथरी देउवालाई हटाएर पार्टीमा हालीमुहाली गर्ने अवसरको खोजीमा छन् । कार्यकर्ताले गच्छदारलाई बोक्नमा पनि दलीय स्वार्थ छैन, निजी स्वार्थ छ । कम्युनिस्टको सरकारमा शिक्षा र स्वास्थ्यमा निजीकरण फस्टाएको छ । कम्युनिस्ट नेताले उपयोग गरिरहेका अनेक सुविधाले समतामूलक समाज निर्माणको उपहास गरेको छ । असमानता बढ्दो छ । कांग्रेसले सामाजिक रूपान्तरणका लागि चाहिने नवीनतम विचार र बृहद राष्ट्रनिर्माणका लागि चाहिने भावी दृष्टिकोण प्रस्तुत गर्न सकेको छैन । बृहद राजनीतिक मुद्दामा कांग्रेस मौन छ, समसामयिक मुद्दामा विचारविहीन छ र कुशासनमा सरकारको सहयोगी बनेको छ । त्यसैको परिणाम कांग्रेसले मिडियामा कम स्थान पाएको छ । कम्युनिस्ट नेताहरूले सर्वहारा मुक्तिका विश्वव्यापी नाराहरू घोकेका छन् । तिनले साम्यवादको एकतर्फी अल्प ज्ञानार्जन गरेका छन्, त्यसैले तिनले वास्तविकतामा समानता ल्याउन सकेनन् । विरोध र प्रतिक्रियावादले विद्रोह हुन्छ, समृद्धि हुँदैन । त्यो अल्पज्ञान अहिलेको समृद्धिको बाधक हो। दुर्भाग्य के हो भने कांग्रेसमा कम्युनिस्ट जति अध्ययनशील नेता पनि छैनन् । तिनलाई कांग्रेस लोकतान्त्रिक दल भएको र कम्युनिस्टमा रुन पनि नपाइने भन्ने मात्र थाहा छ, बस । कुशासनका विरुद्ध शब्द र वाक्यको चयन मात्रै उपयुक्त गर्न सके लोकतन्त्रमा मिडिया प्रतिपक्षको हुन्छ । विचारशून्यताले गर्दा कांग्रेसले मिडियालाई आफूतिर आकर्षित गर्न सकेको छैन ।

अहिले नेपालको सरकारले एक अमेरिकी अनुदान सहयोग एमसीसी संसद्बाट पारित गर्न खोजेको छ । एमसीसी सहयोग संसारका सबै देशले प्राप्त गर्दैनन् । मानवअधिकारको उच्च सम्मान र भ्रष्टाचार नियन्त्रण यसका निश्चित मापदण्डमध्येका हुन्। एमालेले माओवादीसँग एकता गरेपश्चात नेकपाको भविष्यको बाटो तय भएको छैन। नेपालमा जघन्य अपराधमा मुछिएकालाई कुनै कारबाही नगरिएकाले पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईलाई विदेश भ्रमणका क्रममा अपमानजनक व्यवहार गरिएको थियो । पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालको विदेश यात्रामा पनि अनेक प्रश्न उठेका थिए । ती शोभनीय होइनन्। त्यसैले मानवअधिकार उल्लंघनको विषयमा कांग्रेसले पनि मौन ग्रहण गर्नुदेशकै लागि दुर्भाग्य हुन्छ । मानवअधिकार उल्लंघन हुने कुनै पनि कार्यको अनुपालनले कांग्रेसको राष्ट्रिय र अन्तर्राष्ट्रिय छविसमेत बिग्रनेछ । एमसीसी सहयोग नेपालमा आइहाले पनि मानवअधिकारको उल्लंघन वा भ्रष्टाचार नियन्त्रण गरिएन भने यो सहयोग जुनसुकै बेला स्थगित हुनसक्छ ।

राणाशासनविरुद्ध बोल्नु मात्रै पनि एक ठूलो मुद्दा थियो । त्यसैको परिणाम २०१५ सालमा कांग्रेसले सम्मानजनक जनमत प्राप्त गर्‍यो । निर्दलीय व्यवस्थाविरुद्ध संघर्ष गरेर बहुदलीय व्यवस्था स्थापना गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको पुरस्कार पनि कांग्रेसले पाइसकेको छ । नेपालमा कम्युनिस्ट दलहरूको व्यापक उपस्थिति हुनुले पनि लोकतान्त्रिक दल कांग्रेसलाई थोरबहुत लाभ मिलेको छ । 'बाहुनले पनि जनै देखाउनुपर्छ र ?' भन्ने उखान झैं कांग्रेसले लोकतान्त्रिक मूल्य र मान्यताको विषयमा सधैं शंकाको लाभ प्राप्त गरेको छ । तर नेपालको लोकतान्त्रिक आन्दोलनसँग जोडिएका जो कोहीका लागि कांग्रेसको अहिलेको भूमिका सन्तोषजनक छैन, त्यो चिन्ताजनक छ । कांग्रेसले आज खेलेको भूमिकाको आधारमा भोलिको पुस्ताले कांग्रेसलाई चिन्नेछ । कांग्रेसले सभामुखमा व्यक्ति हत्या जस्तो जघन्य आरोप लागेको व्यक्तिलाई सर्वसम्मत रूपमा स्वीकार गरेर सैद्धान्तिक गल्ती गरेको छ । नेपालको लोकतान्त्रिक आन्दोलनमा अग्रणी भूमिका खेल्ने कांग्रेसले क्षणिक स्वार्थ वा सानो प्रलोभनका लागि मानवअधिकार जस्तो आफ्नो सैद्धान्तिक विषयमा सम्झौता गर्नुकांग्रेसका तमाम लोकतान्त्रिक योद्धाप्रतिको धोखा हो । सापकोटा र गच्छदारको बचाउ गर्नुकांग्रेसका लागि आत्मदाहसरह हो । भविष्यमा कांग्रेसको राजनीति गर्ने अहिलेको नयाँ पुस्ताले यसको मूल्य तिर्नुपर्नेछ । अब कांग्रेसले जनै देखाउनु पर्नेछ । हिङको टालोमा हिङ भर्नुपर्नेछ ।

गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईसम्मको कांग्रेस लोकतन्त्रका लागि संघर्षरत थियो । त्यसबेला लोकतन्त्र स्वयंमा एउटा ठूलो जोखिमपूर्ण मुद्दा थियो । चार आधारभूत स्वतन्त्रता कांग्रेसका आदर्श भएकाले कांग्रेस बहुदलपश्चात आजसम्म जीवित छ । कांग्रेसको सैद्धान्तिक विचलन, व्यक्तिगत स्वार्थ र दिशाहीनताले गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईले कांग्रेस त्याग गरेका थिए । नेता, नीति र रणनीतिको अभावमा संकुचित भएको कांग्रेसको संकुचन यात्रा जारी छ । मानवअधिकारको सम्मान, विधिको शासन र स्वतन्त्र न्यायालयप्रति आस्थावान् जनताले कांग्रेस त्याग्ने वातावरणको निर्माण कांग्रेस स्वयंले गर्दैछ । यो आत्मदाह नभएर के हो त ?

# विद्यार्थीलाई कस्तो गृहकार्य दिने ?

## वास्तवमा गृहकार्य सैद्धान्तिक कुराको प्रयोगात्मक वा व्यावहारिक पाटोसँग सम्बन्धित हुनुपर्छ ।



**प्रेमनारायण भुसाल**

गृहकार्य कक्षाकोठामा गरिने क्रियाकलापको अभिन्न अंग हो । कक्षाकोठामा निर्माण भएको सैद्धान्तिक धरातलमा व्यावहारिक र यथार्थ संरचना निर्माण गर्ने वा छोटो समयको स्मृतिमा रहेका सैद्धान्तिक ज्ञान एवं सूचनालाई प्रयोगात्मक क्रियाकलापद्वारा लामो समयको स्मृतिमा सुरक्षित गर्ने काम गृहकार्य भएकाले यसलाई समग्र सिकाइ प्रक्रियाको परिपूरकसमेत मानिन्छ । शिक्षकको प्रत्यक्ष निर्देशनमा समूहमा रहेर गरेका कार्यको प्रभाव वैयक्तिक अनुभव र अनुभूतिमा ढाल्ने वा सैद्धान्तिक सिकाइलाई आफैंले प्रयोग गरेर पुनर्बल प्रदान गर्ने काम गृहकार्यले गर्ने भएकाले जहिले पनि यो मननयोग्य र सिर्जनात्मक हुनुपर्छ भनिन्छ ।

नेपाली परिवेशमा गृहकार्यप्रतिको अवधारणा समान पाइँदैन । यसैले विद्यालयपिच्छे अझ शिक्षकपिच्छे गृहकार्यको उद्देश्यगत एवं प्रयोजनपरक बुझाइ फरक-फरक देखिन्छन् । गृहकार्यको प्रकृति निर्धारणमा वर्तमान सामाजिक परिवेश र अभिभावकहरूको व्यस्त जीवनशैलीको समेत प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव परेको देखिन्छ। शिक्षा- समाज परिवर्तन र व्यक्तिको सामाजिकीकरण दुवै प्रयोजनका लागि हुने भए पनि गृहकार्यको प्रभावकारिता, सिकाइ प्रक्रियामा पुग्ने सहयोग एवं बालबालिकाको सर्वाङ्गीण विकासका दृष्टिले अभिभावकभन्दा शिक्षक नै बढी जिम्मेवार देखिन्छन् । शिक्षकको शिक्षा वा सिकाइप्रतिको अवधारणा र आधुनिक शैक्षिक प्रविधिप्रतिको चेतनास्तरका आधारमा गृहकार्यको प्रयोजन र प्रकृतिगत भिन्नता स्पष्ट रूपमा देखिन्छ । काठमाडौंलाई आधार मानेर पंक्तिकारले गरेको अध्ययनअनुसार गृहकार्य दिनाका कारण, गृहकार्यको प्रकृति एवं उद्दश्यबीच तादात्म्य कमै पाइएको छ ।

पाठ्यपुस्तक पढाउनु अनि पाठ्यपुस्तकमै रहेका अभ्यासमध्ये केही छानेर गृहकार्यका रूपमा दिनुमै आफ्नो पेसागत कर्तव्य पूरा भएको ठान्ने शिक्षकको संख्या निकै बढी देखिन्छ ।

शिक्षक तालिम तथा शिक्षक केन्द्रित बिएड, एमएड कार्यक्रमबाट उत्पादित जनशक्ति यस क्षेत्रमा संलग्न भए पनि धेरै शिक्षक पाठ्यपुस्तक र पाठ्यक्रमबीचको अन्तर तथा पाठ्यक्रमका उद्देश्य पूरा गर्न साधनका रूपमा पाठ्यपुस्तक प्रयोग भइरहेको भन्ने विषयमा सचेत पाइँदैन । पाठ्यपुस्तक पढाउनु अनि पाठ्यपुस्तकमै रहेका अभ्यासमध्ये केही छानेर गृहकार्यका रूपमा दिनुमै आफ्नो पेसागत कर्तव्य पूरा भएको ठान्ने शिक्षकको संख्या निकै बढी देखिन्छ । पाठ्यपुस्तकमा मात्र केन्द्रित भइदिँदा पाठ्यक्रमको उद्देश्य र कक्षाकोठाका गतिविधि 'कामकुरो एकातिर, कुम्लो बोकी ठिमीतिर' महसुस हुन्छ। शिक्षक नै के, किन सिकाउँदै छु भन्ने विषयमा अस्पष्ट रहेपछि विद्यार्थी, गृहकार्य- शिक्षक र अभिभावकका लागि गरिदिने काम हो भन्नेमा ढुक्क हुने नै भए । कागको कुहिरो बनेका विद्यार्थी सिर्जनात्मक गृहकार्य गर्नुको साटो मात्र परीक्षामुखी भई तत्कालीन गर्जो टार्न वा शिक्षक र अभिभावकका आँखा छल्न सारेर गृहकार्य बुझाउने गरेको देखिन्छ । कक्षाकोठामा औपचारिक रूपमा गरिने पठनपाठन मात्र सिकाइ हो भन्ने भ्रमबाट मुक्त नभएसम्म वा नपारेसम्म विद्यार्थी गृहकार्यप्रति सकारात्मक हुन सक्दैनन् । यसैले सर्वप्रथम गृहकार्य थोपर्नुभन्दा बालबालिकाको मनोविज्ञान तथा सामाजिक विकास र पाठ्यक्रमको उद्देश्यप्रति शिक्षक स्पष्ट हुनुपर्छ। अनि यो कुरा विद्यार्थीलाई बुझाएर मात्र सिर्जनात्मक गृहकार्य दिँदा प्रभावकारी हुने कुरा अध्ययनहरूबाट स्पष्ट भइसकेको छ। हाम्रो सन्दर्भमा भने निम्न प्रकृतिको गृहकार्य दिने गरेको देखिन्छः

१. कक्षामा पढाइएका पाठसँग सम्बन्धित अभ्यास
२. कक्षामा पढाउन नभ्याएका कुरा
३. कक्षामा पढाएका कुराको पुनरावृत्ति हुने अभ्यास
४. कक्षामा पढाएको भन्दा सजिलो अभ्यास जो उनीहरू स्वयं गर्न सकुन्
५. कक्षामा पढाएको भन्दा अप्ठ्यारो अभ्यास जसका बारेमा उनीहरू घोत्लिन सकुन्
६. विद्यार्थीलाई व्यस्त राख्न विषयवस्तु सम्बद्ध कुनै पनि काम

यीमध्ये सुरुका ४ किसिमका गृहकार्य दिने शिक्षक-शिक्षाको तहगत तथा पाठ्यक्रमको मर्मसँग अनभिज्ञ तथा पाठ्यपुस्तकलाई नै सबै थोक ठान्ने प्रवृत्तिका ठहर्छन् । जसरी हुन्छ पाठ्यपुस्तक पढाएर कोर्स पूरा गर्ने र पढाएका पाठका अभ्यासबाट प्रश्न सोधी तह पार गराउने मात्र उद्देश्य रहेकाले यस्ता शिक्षकबाट शिक्षित विद्यार्थीले अघिल्लो वर्ष पढेका कुरासँग सम्बद्ध प्रश्नमा 'यो त पोहोर साल पढेको हो, बिर्सिएँ, अहिलेको अभ्यास सोध्नुहोस् न' भन्ने जवाफ दिन्छन् । अर्को शब्दमा- वर्षदिनका उसका शैक्षिक गतिविधि मात्र विद्यार्थीलाई व्यस्त राख्न तथा परीक्षा पास गर्न गरिएका थिए, जुन अर्को कक्षामा पुग्नासाथ अर्थहीन ठहरिन्छन् । यस्तो मानसिकता हामीले निर्माण गरिदिने हो भने विद्यार्थीको पठन संस्कृति र अध्ययनप्रति रुचि कसरी जाग्न सक्ला ? सोचनीय विषय हो ।

५ र ६ नम्बरमा उल्लेख गरिएका गृहकार्यको प्रकृति केही सिर्जनात्मक भए पनि पहिलो अभिभावकलाई ट्युसन टिचरको आवश्यकता महसुस गराउने किसिमको देखिन्छ भने दोस्रो अभिभावकको प्रभावले प्रेरित प्रकृतिको छ । विद्यार्थीको मनोविज्ञानलाई पूर्णतः बेवास्ता गरिएको यस प्रकारका गृहकार्यले विद्यार्थीलाई सहयोग गर्नेभन्दा उसको मनोबल कमजोर पारी 'म पढ्न/लेख्न सक्दिनँ' भन्ने इन्फेरियर कम्प्लेक्सको सिर्जना गराई पढाइबाट हतोत्साहित गर्ने सम्भावन बढी रहन्छ। कक्षाकोठा विद्यार्थीलाई नियन्त्रण गरेर राख्ने ठाउँ होइन, उनीहरूको सिकाइलाई सहजीकरण गर्ने ठाउँ हो। तर यस्ता गृहकार्यले विषयवस्तुप्रति अरुचि मात्र होइन, शिक्षकसँग एक किसिमको अस्वाभाविक दूरी र भय सिर्जना गर्न सक्छन् । जसका कारण अभ्यासमा घोत्लिनुको सट्टा पढाइलेखाइप्रति नै वितृष्णा हुन्छ ।

विद्यालयबाट घरमा आएपछि चकचक मात्र गर्ने, ग्याजेटमा मात्र रमाउने भएकाले एकथरी अभिभावक धेरै किताब र धेरै गृहकार्य नदिने स्कुललाई स्तरहीन स्कुल मान्छन् । यसैले घर आएपछि सरासर गृहकार्य गरोस्, त्यतिन्जेलमा सुत्ने बेला भइहाले टन्टा नै खतम भन्ठान्ने अभिभावक बच्चालाई महँगो स्कुल पठाउन पाएकामा दंग छन् । तर उसको स्तरअनुकूलको सिकाइ तथा संवेगात्मक विकासमा बेखबर नै रहन्छन् । भुल्ने र भुलाउने कामका रूपमा गृहकार्य दिने भएपछि विद्यार्थीको सिकाइस्तरमा सकारात्मक प्रभाव नपर्नु स्वाभाविकै हो । सामान्यतया प्राइमरी तहका विद्यार्थीलाई संरचनात्मक गृहकार्य दिनु उपयुक्त हुँदैन । आफ्ना परिवार, समाज, व्यक्ति र कामबारे वर्णन गर्न भने लगाउन सकिन्छ । ५ कक्षाभन्दा माथि मात्र तहअनुरूपका गृहकार्य दिनु उपयुक्त हुन्छ ।

वास्तवमा गृहकार्य सैद्धान्तिक कुराको प्रयोगात्मक वा व्यावहारिक पाटोसँग सम्बन्धित हुनुपर्छ । बन्द प्रयोगशालामा गरेको परीक्षण दैनन्दिनी व्यवहार र प्राकृतिक क्रियामा कहाँ प्रयोग भएको छ, हेर्ने र अनुभव गर्ने तथा त्यस परीक्षणको नतिजा दैनिक सामाजिक कुन क्षेत्रमा प्रयोग गर्न सकिएला भन्ने जिज्ञासा राख्न सक्ने र समाधानका लागि क्रियाशील हुन प्रेरित गर्ने गृहकार्य आजको  माग हो । आफूले सिकेका कुरासँग सम्बन्धित सीप कहाँ प्रयोग भएको छ ? त्यसको प्रयोग कसरी र किन भइरहेको छ ? यसले समाज तथा समुदायलाई के सहयोग पुर्‍याएको छ ? कहिलेदेखि समाजले उक्त प्रविधिलाई आत्मसात् गर्‍यो र यसलाई अझ प्रभावकारी कसरी बनाउन सकिएला भन्ने जिज्ञासा राख्न सक्ने बनाउने गृहकार्यले विद्यार्थीलाई खोजमुखी तथा सिर्जनशील बनाउँछ ।

कक्षाकोठाबाट बाहिर आउँदा विद्यार्थी अघाएको होइन, खुलदुलीले भरिएको हुनुपर्छ । परम्परागत पढाइलेखाइमा जस्तो गुरुले समस्या समाधान गरिदिने होइन, समाधानका लागि बाटो देखाइदिने र सिकाइप्रति भोक जगाइदिने हो । सामाजिक शिक्षा पढेपछि विद्यार्थी तथ्यांक कण्ठ गर्ने होइन, आफ्नो समाजका सदस्यका पेसा, आर्थिक स्थिति, शिक्षा र स्वास्थ्य अवस्था बुझ्ने र विश्लेषण गर्न सक्ने हुनुपर्छ । फोहोर व्यवस्थापन, वर्गीकरण र पुनः प्रयोग उसले किताबका चित्रबाट बुझ्ने होइन, व्यावहारिक रूपमा बुझ्नुपर्छ । सामान्य मेसिन पढेपछि पहिलो, दोस्रो र तेस्रो क्लास लिभर दैनिक जीवनमा कसरी सहयोगी बनेका छन् र व्यवहारका कठिनाइमध्ये कुन-कुन क्षेत्रमा लिभरको प्रयोग गर्न सकिन्छ ?

गृहकार्य यस्ता विषयमा केन्द्रित हुनुपर्छ । पानीको शुद्धीकरण पढेपछि घरमा त्यसको प्रयोग गर्न सक्ने, भाषिक सीप सिकेपछि त्यसको वास्तविक प्रयोग गर्न सक्ने र परम्परागत ज्ञान एवं प्रविधिका राम्रा पक्षलाई आत्मसात् गर्ने र अन्य पक्षमा सुधार ल्याउन सक्ने दृष्टिकोण विकास गर्ने प्रकृतिका गृहकार्य दिने हो भने न यो विद्यार्थीको भार बन्छ न त टाइमपास गर्ने साधन मात्र । यसैले सिकाइसम्बन्धी धारणामा परिवर्तनका लागि ढिलो नगरी सम्बन्धित क्षेत्रमा क्रियाशील सबै तयार हुनैपर्ने बेला भएको छ ।

# १० प्रतिशत सेनालाई शान्ति मिसनमा खटाउने तयारी



**काठमाडौं/मस–** रक्षा मन्त्रालयले नेपाली सेनासँग रहेको १० प्रतिशत जनशक्तिलाई संयुक्त राष्ट्रसंघ शान्ति मिसनमा खटाउने तयारी गरिरहेको जनाएको छ । उपप्रधानमन्त्री एवं रक्षा मन्त्री इश्वर पोखरेलले बुधबार मन्त्रालयमा आफ्नो कार्यकालको दुई वर्षको प्रगति सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा संयुक्त राष्ट्रसंघको शान्ति सेनामा १० प्रतिशत सेना खटाउन संयुक्त राष्ट्रसंघसँग कुरा गरिरहेको बताएका हुन् ।

उनले विदेशी मिसनमा जाँदा नेपाली सेनाले पनि नेतृत्व तहमा जिम्मेवारी पाउने विषयमा समेत राष्ट्रसंघसँग छलफल भइरहेको जानकारी दिए । संयुक्त राष्ट्रसंघ शान्ति सेनामा नेपालबाट ५ हजार १ सय जना सैनिक अधिकृत र जवानहरुको सहभागिता रहेको छ । उनले नेपाली सेनालाई शान्ति मिसनमा पठाउँदा नेता तथा मन्त्रीका आफन्तले प्राथमिकता पाउने गरेको उल्लेख गर्दै त्यसको अन्त्य गर्नका लागि 'शान्ति सेना छनोट कार्यविधि' तयार गरिएको बताए ।

उपप्रधानमन्त्री पोखरेलले नेपाली सेनाले ऐतिहासिक किल्ला, स्तम्भहरुको रक्षा गर्ने कामको सुरुवात समेत गरेको बताए । उनले पछिल्लो समय सीमा क्षेत्रमा ऐतिहासिक किल्ला तथा स्तम्भहरु संकटमा परेको भन्दै सेनाले रक्षा गर्ने कामको सुरुवात गर्न लागेको बताए ।

त्यस्तै दुई वर्षको अवधिमा रक्षा मन्त्रालयले नीतिगत तथा कानूनी सुधारतर्फ उल्लेख्य कामहरु गरेको उनले बताए । उनले राष्ट्रिय सुरक्षा नीति २०७३ लाई परिमार्जन गरी राष्ट्रिय सुरक्षा नीति २०७५ पारित भएको, राष्ट्रिय सुरक्षा विधेयकलाई अगाडि बढाइएको, सैनिक ऐन २०६३ मा रहेका नमिल्दा कुराहरुलाई संशोधन गरिएको लागयतका नीतिगत सुधारका कामहरु गरेको बताए ।

यसबाहेक सुरक्षा सम्बन्धी उच्च अध्ययन अनुसन्धान प्रतिष्ठानको रुपमा 'नेशनल डिफेन्स युनिभर्सिटी' स्थापना गर्ने प्रक्रियालाई रक्षा मन्त्रालयले अगाडि बढाएको छ । त्यसका लागि संस्थागत संरचना निर्माणको कम सुरु भइसकेको र पूर्वाधार विकासको काम अगाडि बढाउन लागिएको जानकारी उनले दिए ।

त्यस्तै राष्ट्रिय गौरव तथा राष्ट्रिय महत्वका विभिन्न सडक आयोजनाहरु निर्माणका कामहरु गरेको तथा विकास निर्माणका लागि विस्फोटक पदार्थ उत्पादन गर्ने कामलाई पुनः सुरु गरिएको उनले बताए । उक्त काम मकवानपुरको सुनचुरीमा भइरहेको छ ।

त्यस्तै २०७५ साल चैत २७ गते रातको समयमा आएको आँधी, हुरीका कारण बारा र पर्सामा भएको क्षतिमा विपदमा परेका जनताहरुलाई पुनर्स्थापना गर्नका लागि नेपाली सेनाले घर निर्माण गरी हस्तान्तरण गरेको उनले बताए ।

त्यस्तै सुर्खेतमा नेपाली सेनाको पश्चिम एयर बेस स्थापना भएको छ । यसबाहेक सेनाले खेलकुदतर्फ पनि उल्लेखनिय प्रगति गरेको छ । नेपाली सेनाले भर्खरै सम्पन्न भएको साफ गेममा २६ खेल मध्ये २१ खेलमा सहभागिता जनाई २३ वटा स्वर्णपदक जित्न सफल भएको छ । त्यस्तै नेपाली सेना 'इन्टरनेशनल मेलिटेरी स्पोर्टस् काउन्सिल'को सदस्य बन्न सफल भएको उपप्रधानमन्त्री पोखरेलले जानकारी दिए । उक्त काउन्सिलमा अहिलेसम्म १ सय ४० राष्ट्रका सैनिक संगठन सदस्य रहेका छन् ।

# प्रहरीकै मिलेमतोमा तस्करी !



**नवलपरासी/मस–** नवलपरासीको सिमा नाकाबाट प्रहरीको मिलोमतोमा तस्करी बढ्दै गएको छ । तस्करहरुले रातिको समयमा दिनहुँ खुल्ला रुपमा नेपालबाट केराउ भारत जाने गरेको छ ।

तस्करीमा संलग्न व्यापारीहरुले ठुलो मात्रामा सीमाक्षेत्र नजिक सामान भण्डारण गरी साईकल, मोटरसाईकल, पिकअपबाट भारतको स्थानीय बजारहरु बहुआर, बेठवलिया, निचलौल लगायत ठाँउहरुमा पुऱ्याउने गरेको स्थानीय बताउँछन् ।

केराउको भाउ नेपाली बाजारमा सस्तो दरमा किनेर भारतीय बाजारमा महंगो दरमा बिक्री हुने हुँदा तस्करी दिनहुँ बढदै गएको हो । सीमाक्षेत्रहरु सीमा सुरक्षा तथा तस्करी नियन्त्रणका लागि शसस्त्र प्रहरी बोर्डर आउट पोष्टको उपस्थिति रहेपनि नियन्त्रण गर्न नसक्दा तस्करी मौलाएको बताइएको छ ।

स्थानीय युवाहरुले भारतीय बाजारसम्म केराउ पुऱ्याउँदा प्रति किलो ६र७ रुपैयाँ पाउने गरेका छन् । सिमावर्ती क्षेत्रको गुठी परसौनी, बसहिया, भुजहवा लगायत ठाउँमा दिनहुँ खुल्ला रुपमा तस्करी भइरहँदा पनि स्थानीय प्रशासन मौन बस्दै आएको छ ।

# छ जनालाई नइ पुरस्कार



**काठमाडौं/मस–** नइ प्रकाशनले राष्ट्रिय जनजीवनका छ जनालाई यस वर्षको 'नइ पुरस्कार' समर्पण गर्ने घोषणा गरेको छ । नइ प्रकाशनका अध्यक्ष इन्दिरा प्रसाईंको अध्यक्षतामा बसेको बैठकले परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठलाई 'नइ देरुनीख प्रदीप्ति पुरस्कार' र साहित्यकार लक्ष्मीदेवी राजभण्डारीलाई 'नइ रेखा पुरस्कार' समर्पण गर्ने निर्णय गरेको प्रकाशनका सदस्य सचिव नरेन्द्रराज प्रसाईंले जानकारी दिए । ती दुवै पुरस्कारका राशि जनही साठी हजार रुपियाँ रहेका छन् । काठमाडौं उपत्यका बाहिर रहेर नेपाली साहित्यमा क्रियाशील रुपन्देहीका दुर्गा पौडेललाई 'नइ बुलु शर्मा पुरस्कार', अपाङ्ग भएपनि नेपाली भाषासाहित्यमा सदैव समर्पित महेश थापालाई 'नइ देरुनीख गौरव पुरस्कार' र तेस्रोलिङ्गी सोफी सुनुवारलाई 'नइ रामलक्ष्मी पुरस्कार' समर्पण गरिने भएको छ । यी तीनै पुरस्कारका राशि जनही ५० हजार रुपैयाँ रहेका छन् । मिस मङ्गोल सिविरा लामालाई २५ हजार रुपैँया राशिको 'नइ देरुनीख पौरख पुरस्कार' समर्पण गरिने भएको छ । शताब्दी पुरुष सत्यमोहन जोशीको १०१ औं जन्मोत्सवका अवसरमा आगामी वैशाख ३० गते नइ पुरस्कार समर्पण गर्नेछन् ।


## ISC रिपोर्ट हरायो

२०७६/१०/२० गते नयाँ बस पार्कबाट गौशलासम्म जाँदा मेरो निम्न व्यहोरा भएको मलेसिया जानको लागि चाहिने ISC रिपोर्ट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

Name: Bhuneshwar Koiri
Address: nawalparasi
Pasport No.: 11155172
Sticker No.: .01268336
Contact: 9841313477

## ISC रिपोर्ट हरायो

२०७६/१०/२० गते नयाँ बस पार्कबाट गौशलासम्म जाँदा मेरो निम्न व्यहोरा भएको मलेसिया जानको लागि चाहिने ISC रिपोर्ट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

Name: Prahalad Chaudhary
Address: nawalparasi
Pasport No.: 06853197
Sticker No.: .01269104
Contact: 9841313477



## मलेसियामा रोजगार

कम्पनी : SUPCHENG FASTENERS SDN BHD शहर: PUCHONG

पूर्व स्वीकृत मितिः २०७६/१०/२१ चलानी नं.: ६०१५१११३ LT. No.: 232459 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Operator | 18 | 0 | स. काममा दक्ष | 1200 | ३२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २२ गते (5 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझनुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Skyways Bureau Services Pvt. Ltd.**
साविकको नाम: सोसाइटल ओभरसिज सर्भिसेज प्रा. लि.
पो.ब.नं. ३५३, बद्री कोलनी, सुकेधारा, काठमाडौं, नेपाल, फोन नं. ४३७०१०१, ४३७६१०२
फ्याक्स : ४३७६११२, Email : info@skywaysnepal.com, www.societaloverseas.com
Gov. Lic. No. 871/066/067



## साउदी र यूएईमा रोजगार

१. कम्पनी : INDIAN TANDOOR RESTAURANT शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७६/११/१४ चलानी नं.: ६०१५२४४७ LT. No.: 231715

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४५,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant (Cook) | 1 | 0 | | 1500 | ४५,८५५ | | | | | | | |

२. कम्पनी : AL BAHIYA TRADING AND SERVICES शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०७६/११/१४ चलानी नं.: ६०१५२४४५ LT. No.: 233889

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 40 | 50 | स. काममा दक्ष | 800 | २४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : PARAGON EMPLOYMENT SERVICES LLC शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०७६/११/१४ चलानी नं.: ६०१५२४४६ LT. No.: 233894

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reinforcing Fitter Assistant/wiring Electrician A | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason | 10 | 0 | | 1200 | ३७,४७५ | | | | | | | |
| 3. | Reinforcing Fitters | 50 | 0 | | 1200 | ३७,४७५ | | | | | | | |
| 4. | Wiring Electrician General | 50 | 0 | | 1200 | ३७,४७५ | | | | | | | |
| 5. | Ordinary Labouer | 50 | 0 | | 800 | २४,९८५ | | | | | | | |
| 6. | Construction Carpenter | 150 | 0 | | 1200 | ३७,४७५ | | | | | | | |
| 7. | Construction Carpenter Assistant | 100 | 0 | | 1000 | ३१,२३० | | | | | | | |
| 8. | Scaffolder Labourer | 8 | 0 | | 800 | २४,९८५ | | | | | | | |
| 9. | Cleaning Worker | 10 | 0 | | 800 | २४,९८५ | | | | | | | |
| 10. | Moulding Maker | 15 | 0 | | 1200 | ३७,४७५ | | | | | | | |
| 11. | Brick Mason Assistant | 10 | 0 | | 1000 | ३१,२३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २२ गते (5 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझनुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.**
गौशला, काठमाडौं, नेपाल, फोन: ४४६०१६०, ४४७१४७१
Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com
श्रम इजाजत नं.



## Saudi Arabia मा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH HADI AL QAHTANI TRANSPORT, DAMMAM

पूर्व स्वीकृत मितिः २०७६/११/१४ चलानी नं.: ६०१५२४५३ LT. No.: 233319

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ५५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २२ गते (4 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझनुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Sundar Nepal Overseas Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4478460, Email: Sundarnpo@gmail.com
Gov. Lic No. 1484/074/075



## साउदी र कतारमा रोजगार

१. कम्पनी: FAHAD ALGHAFEES CONTRACTING EST. शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७६/११/१४ चलानी नं.: ६०१५२४७० L.T. No.: 233804

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labor | 1 | 0 | | 1000 | ३०,५७० | | | | | | | |

२. कम्पनी: HIGH ROOF TRADING & CONTRACTING WLL शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७६/११/१४ चलानी नं.: ६०१५२४६४ L.T. No.: 233022

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 6 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 1 | 0 | | 1100 | ३४,६६० | | | | | | | |
| 3. | Heavy Vechicle Driver | 1 | 0 | | 1900 | ५९,८७० | | | | | | | |
| 4. | Reinforce Fitter | 1 | 0 | | 1100 | ३४,६६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन १४ गते (5 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क्र.सं. १ को नि:शुल्क क्र.सं. २ को रु १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझनुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Triveni Hr Solution Pvt. Ltd.**
Samakhusi, Kathmandu, Tel.: 01-4387601, 4387608, Fax.: 4389258, Email: tulsi@trivenihr.com
Govt. Lic. No. 1174/073/074



## मलेसियामा रोजगार

कम्पनी: BNH MANUFACTURER SDN. BHD. शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/११/१४ चलानी नं.: ६०१५२४३१ LT. No.: 234071

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 11 | 0 | स. काममा दक्ष | 1200 | ३२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २२ गते (5 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझनुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**टोपाज इण्टरनेशनल प्रा. लि.**
कमलपोखरी, काठमाडौं, नेपाल, फोन: ४४१२६५०



## साउदीमा रोजगार

१. कम्पनी : SAUDI K SPAN FOR STEEL BUILDING COMPANY LTD शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७६/११/१४ चलानी नं.: ६०१५२४६२ LT. No.: 233238

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Smith | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४५,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Welder | 1 | 0 | | 1500 | ४५,८५५ | | | | | | | |

२. कम्पनी : KHALID INDUSTRIAL MARBLE FACTORY. शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/११/१४ चलानी नं.: ६०१५२४६१ LT. No.: 233236

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३६,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 2 | 0 | | 1800 | ५५,०२५ | | | | | | | |

३. कम्पनी : BRANCH GLOBAL TASTE COMPANY FOR COMMERCIAL SERVICES शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/११/१४ चलानी नं.: ६०१५२४६३ LT. No.: 233663

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cook | 2 | 0 | स. काममा दक्ष | 1500 | ४५,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : SARAA ZAFIR H.AL SHAHRANI EST. FOR GENERAL CONTRACTING शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/११/१४ चलानी नं.: ६०१५२४६७ LT. No.: 233233

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 2 | 0 | | 1800 | ५५,०२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन १४ गते (4 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क्र.सं. ३ को रु १०,००० अन्यको नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझनुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**हेराल्ड ईन्टरनेशनल प्रा. लि.**
पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोन: ४४७५३३९, ४४६८६९७, ४४७६६०३
श्रम इजाजत नं. ५१६/०६१/०६२

# सिंगो प्रहरी चौकीका प्रहरीलाई निलम्बन गर्न निर्देशन

**काठमाडौं/मस-** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले एक प्रहरी चौकीका इन्चार्जसहित १६ जना प्रहरीलाईं निलम्बन गर्न निर्देशन दिएको छ । अख्तियारले रसुवाको सीमा प्रहरी चौकी टिमुरेका प्रहरी निरीक्षक खेमप्रसाद नेपालसहित १६ जना प्रहरीलाई निलम्बन प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिएको हो ।

उनीहरूले सुन नियन्त्रणमा लिएर आपसमा बाँडीचुडी खाएको अख्तियारको आरोप छ । सीमा प्रहरी चौकी टिमुरेको कार्यालय परिसरभित्र केरुङबाट नेपाल आउँदै गरेको ना.६ ख.४९३२ नम्बरको कन्टेनर चेकजाँच गर्ने क्रममा फागुन ११ गते चालक फुर्वा पासाङको साथबाट ४२२ ग्राम सुन लिई चालकलाई छोडेको आरोपपछि उनीहरूलाई निलम्बन गर्न अख्तियारले निर्देशन दिएको हो ।



चेकजाँचका क्रममा बरामद भएको सुन आवश्यक कानूनी प्रकृयाको लागि सम्बन्धित निकायमा बुझाउनु पर्नेमा आपसमा बाँडफाँड गरी खाएको विषयमा अनुसन्धान भइरहेकाले निलम्बन गर्न भनेको हो ।

आयोगले उक्त प्रहरी चौकीमा कार्यरत प्रहरी निरीक्षक नेपाल, प्रहरी नायब निरीक्षक भोजबहादुर सेन वली, प्रहरी सहायक निरीक्षक रामशरण कुमाल, प्रहरी हवल्दार रामशरण रिमाल, प्रहरी हवल्दार पुरुषोत्तम खत्री, प्रहरी हवल्दार रामकाजी लामा, प्रहरी हवल्दार गोपी बहादुर तामाङ, प्रहरी जवान शिव नारायण चौधरी, प्रहरी जवान युवराज खरेल, प्रहरी जवान भविलाल रुम्बा लामा, प्रहरी जवान रामचन्द्र विक, प्रहरी जवान रिता चौधरी, प्रहरी जवान मनोज आले, प्रहरी जवान छेक्यु डोल्मा मोक्तान, प्रहरी जवान तारा बहादुर प्रजा र प्रहरी कार्यालय सहयोगी हरीबहादुर श्रेष्ठसहित १६ जनालाई निलम्बन गर्न निर्देशन गरेको हो ।

उक्त कार्यमा संलग्न व्यक्तिहरू पदमा बहाल रहिरहँदा आफ्नो विरुद्धको प्रमाण लोप वा नास गर्न सक्ने वा अनुसन्धानमा बाधा पुऱ्याउन सक्ने भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (३) बमोजिम उनीहरू कार्यरत रहेको पदबाट निलम्बन गर्न निर्देशन दिएको आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाले जानकारी दिए ।

# विश्वको उन्नत भाषा नेपाली : राष्ट्रपति

**धनगढी/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीले सुदूरपश्चिम प्रदेश कला, साहित्य, संस्कृति र भाषाको उर्बर भूमि भएको बताएकी छन् । सुदूरपश्चिमाञ्चल साहित्य समाजद्वारा बुधबार धनगढीमा आयोजित विश्व साहित्य महोत्सवको उद्घाटन गर्दै उनले पहलमान सिंह स्वाँर, जयपृथ्वीबाहदुर सिंहजस्ता अग्रज श्रष्ठाहरुको अतुल्नीय योगदानले नेपाली भाषा, साहित्यको श्रीवृद्धिमा विशिष्ट योगदान पुगेको बताइन् ।

नेपाली भाषा विश्वको उन्नत भाषाका रुपमा विकास भएको बताउँदै राष्ट्रपति भण्डारीले नेपाली भाषा राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्ने एक माध्यम भएको बताइन् । उनले मानवजातिको अथक परिश्रमद्वारा सृजित भाषा एक आपसमा संवाद स्थापित गराउने महत्वपूर्ण माध्यम भएको बताइन् । साहित्य समसामयिक समाजको ऐना भएको बताउँदै उनले साहित्य र समाजबीचको एक आपसमा अन्योन्याश्रित सम्बन्ध रहेको बताइन् । साहित्यले समाजका विकृति एवं विसङ्गतिलाई औंल्याउँदै सदाचार र नैतिकतालाई प्रवर्द्धन गर्ने भएकाले असल साहित्य सृजनामा साहित्यकार क्रियाशिल हुनुपर्ने राष्ट्रपति भण्डारीले बताइन् ।

महोत्सवले नेपाली भाषा, साहित्य र संस्कृतिको प्रवर्द्धनमा महत्वपूर्ण योग्दान पुऱ्याउने तथा विश्व मानचित्रमा नेपाल र नेपालीको विशिष्ठ पहिचान स्थापित गर्न सफलता हासिल गर्ने आफूले विश्वास लिएको उनले उल्लेख गरिन् । शिक्षण संस्था, प्राज्ञिक केन्द्र र विश्वविद्यालयले भाषा र साहित्यलाई प्रवर्द्धन गर्न मद्दत पुऱ्याउने भएकाले यस (सुदूरपश्चिम) क्षेत्रका सुदूरपश्चिम विश्वविद्यालयसहित सम्पूर्ण शैक्षिक केन्द्रहरुलाई सुदृढी गर्नुपर्ने महसुस उनले गरिन् ।

# योजनाबद्ध विकासका पक्षमा छौं : मुख्यमन्त्री पोखरेल



**नवलपरासी/मस-** प्रदेश नं ५ का मुख्यमन्त्री शंकर पोखरेलले छोटो समयमै प्रदेश सरकारका काम देखिन थालेको बताएका छन् । पश्चिम नवलपरासीको रामग्राम-७ स्थित रामग्राम स्तूप र देउरवा गाउँ जोड्ने गरी बन्न लागेको झरही खोला पुलको बुधबार शिलान्यास गर्दै उनले भने, 'छोटो समयमै जनताले प्रदेश सरकारको अनुभूति गर्न थालेका छन्, जनताको सहयोगकै कारण यस्ता उपलब्धिमूलक काम गर्न सम्भव भएको छ, हाम्रा काम देखिन थालेको छ, हामी योजनाबद्ध विकासका पक्षमा छौं ।'

मुख्यमन्त्री पोखरेलले प्रदेश सरकारले पूर्वाधार विकासमा जोड दिएको उल्लेख गर्दै यो पुल पनि पूर्वाधार विकासकै चरणअन्तर्गत रहेको बताए । उनले रामग्राम स्तूपलाई प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न यातायातका पूर्वाधारले जोड्न आवश्यक रहेको सन्दर्भमा यो पुल रामग्रामको विकासमा कोशेढुंगा सावित हुने विश्वास व्यक्त गरे ।

'विगतमा यहाँ पुल बनाउने धेरै चर्चा भए पनि अहिले प्रदेश सरकारको उपस्थितिले यो सम्भव भएको छ, अब रामग्रामको गुरुयोजना कार्यान्वयन प्रक्रियासँगै यहाँ विकासको ढोका खुल्नेछ, स्तूप क्षेत्रमा हामीले बौद्ध सङ्ग्रालय बनाउने काम पनि छिट्टै अघि बढाउनेछौं,' उनले भने ।

मुख्यमन्त्री पोखरेलले कृषिको आधुनिकीकरण, औद्योगीकरण तथा पर्यटकीय पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिएको बताउँदै प्रदेशका नागरिकको जीवनस्तर उकास्न तीन वर्षभित्र सबै घरधुरीमा स्वच्छ पिउने पानीको उपलब्धता र दुई वर्षभित्र बिजुली पुऱ्याउने प्रतिबद्धता दोहोऱ्याए ।

भौतिक पूर्वाधार विकासमन्त्री बैजनाथ चौधरीले आगामी दुई वर्षभित्रै उक्त पुल निर्माण हुने प्रतिबद्धता जनाउँदै पुल निर्माणमा ढिलाइ नगर्न निर्माण कम्पनीलाई निर्देशन दिए । उनले भने, 'पञ्चायतकालदेखि नै यहाँको पुल बहुप्रतिक्षित हो, अहिले आएर मात्र सम्भव भयो, अब रकम अभावका कारणले पुल निर्माण रोकिँदैन, रामग्रामको गुरुयोजनालाई पनि यसले सहयोग पुग्छ ।'

'पुल अभावकै कारण यो महत्वपूर्ण स्थल भएर पनि ओझेल परेको थियो, अब यहाँ ठूलाठूला होटल, रिसोर्ट खुल्नेक्रम शुरु हुन्छ, हामीले आधारभूत विकासको पूर्वाधार तयार गरेका छौं, अब यहाँको विकासमा स्थानीय जनप्रतिनिधि, सर्वसाधारण सबै लाग्नुपर्दछ,' उनले भने ।

प्रदेशसभा सदस्य बैजनाथ जयसवालले रामग्राम स्तूप, पण्डितपुर र अनोमाघाटको विकासमा विशेष जोड दिन आग्रह गरे । भौतिक पूर्वाधार विकास मन्त्रालयले आगामी दुई वर्षभित्र सम्पन्न गर्ने गरी ३५ मिटर लम्बाइको उक्त पुल एसिआटिक/प्रदीप/जुम्ली जेभी रुपन्देहीलाई निर्माणको जिम्मा दिएको छ ।

निर्माण कम्पनीसँग गत असोज २ गते कूल रु छ करोड ६२ लाख १८ हजार लागतमा ठेक्का सम्झौता गरिएको सडक पूर्वाधार विकास कार्यालय रुपन्देहीले जनाएको छ ।

मुख्यमन्त्री पोखरेलले बुधबार नै प्रदेश सरकारले निर्माण गर्न लागेको पश्चिम नवलपरासीको सुनवलस्थित बेलारी खोला पुल र वनकट्टी-छडेनी जोड्ने झरही खोला पुलको पनि शिलान्यास गरेका थिए ।


## ISC रिपोर्ट हरायो

२०७६/१०/२० गते नयाँ बस पार्कबाट गौशलासम्म जाँदा मेरो निम्न व्यहोरा भएको मलेसिया जानको लागि चाहिने ISC रिपोर्ट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

Name: Anil Kumar Panjiyar
Address: nawalparasi
Pasport No.: 06853064
Sticker No.: .01268140
Contact: 9841313477

## ISC रिपोर्ट हरायो

२०७६/१०/२० गते नयाँ बस पार्कबाट गौशलासम्म जाँदा मेरो निम्न व्यहोरा भएको मलेसिया जानको लागि चाहिने ISC रिपोर्ट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

Name: Dharma Dev Koiri
Address: nawalparasi
Pasport No.: 06853709
Sticker No.: .01268317
Contact: 9841313477

## Qatar मा रोजगार | कम्पनी: .MORNING STAR CONTRACTING & SERVICES शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/१०/०८ चलानी नं.: ६०१५०३२१ LT. No.: 231538 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen. Clean. Worker | 2 | 0 | | 900 | २८,३६० | | | | | | | |
| 3. | Foreman | 1 | 0 | | 2500 | ७८,७७५ | | | | | | | |
| 4. | Representative | 1 | 0 | | 2200 | ६९,३२० | | | | | | | |
| 5. | Labouer | 4 | 0 | | 900 | २८,३६० | | | | | | | |
| 6. | Carpenter | 2 | 0 | | 1100 | ३४,६६० | | | | | | | |
| 7. | Plumber | 1 | 0 | | 1100 | ३४,६६० | | | | | | | |
| 8. | Technician Gen | 1 | 0 | | 1100 | ३४,६६० | | | | | | | |
| 9. | Receptionist | 1 | 0 | | 1100 | ३४,६६० | | | | | | | |
| 10. | Heavy Vechicle Driver | 1 | 0 | | 2200 | ६९,३२० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा फागुन २२ गते (5 Mar. 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईआने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**C.D. Human Resources Pvt. Ltd.**
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 4486262, Fax: 4486263
Mob.: 9818272436, 9818878475, 9813005928, 9880715268, 9808793080
Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Gov. Lic. No. 1048/073/74

## UAE & SAUDI मा वैदेशिक राजगारको अवसर

१. कम्पनी: ANNAPURNA TYPING SERVICES OFFICE, UAE
पूर्व स्वीकृत मिति: २०७६/११/१४ चलानी नं.: ६०१५२४७७ L.T. No.: 233897

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Relation Officer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ६८,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Information Clerk | 0 | 1 | | 1300 | 80,६00 | | | | | | | |

२. कम्पनी: AL SHRQYA AL GHARBYA HYBAR .MARKT CO, SAUDI
पूर्व स्वीकृत मिति: २०७६/११/१४ चलानी नं.: ६०१५२४७८ L.T. No.: 233987

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
